का.जि.प्र.का.द.नं. १००/०५२/६०
८ भदौ २०८३
सोमबार
24 August 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

नेपालमा आत्मनिर्भर नगदे बाली चियाको उत्पादन वार्षिक ३ करोड किलो छ। चिया निर्यातमा भारतीय बजारको भर पर्दै आएको नेपालका लागि तेस्रो मुलुकमा बजार विस्तार गर्नसके दीर्घकालीन समस्या समाधानको बाटो खुल्ने उद्योगी, व्यवसायी बताउँछन्।

सहकारीबाट उद्यमी बन्दै चिया किसान

तर बजारकै चिन्ता

- चियामा आत्मनिर्भर नेपाल
- ११० चिया सहकारीमा साढे ९ हजार किसान आबद्ध
- करिब डेढ लाखलाई रोजगारी
- वार्षिक ३ करोड केजी चिया उत्पादन
- ७० प्रतिशत चिया भारतीय बजारमा
- करिब १ करोड किलो स्वदेशमा खपत
- वार्षिक करिब ५ अर्ब रकम चिया व्यापारबाट आम्दानी
- युरोप, अमेरिका, क्यानडासहितका तेस्रो मुलुक चिया निर्यातको दीर्घकालीन वैकल्पिक बजार बन्ने

भारतले नेपाली चिया निर्यातमा रोक लगाउँदा नेपाली चिया किसानहरू मारमा पर्ने गरेका छन्। यसको विकल्पमा तेस्रो मुलुकमा नेपाली चिया बजार विस्तारमा सरकारले सहजीकरण गर्नुपर्छ।

■ नवीन राई
महासचिव, चिया सहकारी केन्द्रीय संघ

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ७ भदौ

चियाका लागि नेपाल आत्मनिर्भर मुलुक हो। चिया सहकारी खोलेर व्यावसायिक विकासमा लागेका किसानका लागि चिया उद्योग रोजगारीसँगै आम्दानीको बलियो माध्याम बन्दै गएको छ। तर, नेपाली चियाको बजार अभावले चिया व्यवसायी चिन्तित छन्।

२०५१ सालबाट प्रारम्भ भएको चिया सहकारी अभियान ६०को दशकपछि धमाधम दर्ता हुने र सहकारीमार्फत व्यावसायिक बन्दै गए। त्यसपश्चात् किसानको बगैंचादेखि अन्तर्राष्ट्रिय बजारसम्म पुग्ने नेपाली चियाको यात्रामा सहकारी महत्त्वपूर्ण आधार बन्न पुग्यो।

देशभर करिब १८ देखि २० हजार किसानले सहकारीमार्फत वा निजी लगानीमा व्यावसायिक चिया खेती गर्दै आएका छन्। अहिले १ सय १० चिया सहकारी सञ्चालनमा छन् भने कम्तीमा साढे ९ हजार किसान सदस्य छन्। साना किसानको छरिएको उत्पादनलाई एउटै प्रणालीमा ल्याउन सहकारी संरचना चियाको क्षेत्रमा महत्त्वपूर्ण माध्यम बनेको चिया सहकारी केन्द्रीय संघका महासचिव नवीन राईले बताए। 'नेपालमा चियाको सम्भावना राम्रो छ,' उनले मध्यान्हसँग भने, 'चिया सहकारीले किसानलाई संगठित गरेर उत्पादनको आधार तयार गरिसकेका छन्। अब किसानले कच्चा पत्ती बेच्ने सहकारीबाट आफ्नै ब्रान्डको चिया बेच्ने उद्यमतर्फ फड्को मार्नुपर्नेछ।' सरकारले अनुदानभन्दा पूर्वाधार र बजारमा लगानी गर्ने, गैरसरकारी संस्थाले परियोजनामुखी सहयोगभन्दा दीर्घकालीन व्यावसायिक क्षमता विकासमा जोड दिनुपर्ने राईले बताए। 'अहिले १ सय १० >>> पृष्ठ २ मा

अघि बढ्यो राहदानी विधेयक

रविलाई राहत

अमेरिकी राहदानी कायम रहेकै अवस्थामा नेपाली राहदानी लिएको विषयमा रवि लामिछानेविरुद्ध मुद्दा चलाउनुपर्ने मागसहित परेको रिट सर्वोच्च अदालतमा विचाराधीन छ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ७ भदौ

राहदानी (पहिलो संशोधन) विधेयक, २०८३ संसदीय प्रक्रियामा अघि बढेको छ। यो विधेयक परराष्ट्रमन्त्री शिशिर खनालले १४ साउनमा प्रतिनिधिसभामा दर्ता गरेका थिए। सभामा सैद्धान्तिक छलफल भएसँगै सांसदहरूले संशोधन प्रस्ताव राखेका छन्। सांसदहरूको संशोधनसहित दफावार छलफलका लागि संसदीय विषयगत समितिमा पठाइँदै छ।

सोमबार प्रतिनिधिसभाको बैठकमा यो विषय संसदीय विषयगत समितिमा पठाउनका लागि परराष्ट्रमन्त्री शिशिर खनालले प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ। यसपछि संसदीय समितिले प्रतिवेदन बनाएर सभामा पेस गर्छ र पारित भएपछि राष्ट्रिय सभामा जान्छ। राष्ट्रिय सभाले पनि पारित गरेपछि सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐन बनेर लागू हुन्छ।

यो संसदीय प्रक्रियामा अगाडि बढेको राहदानी ऐन संशोधन विधेयकमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई लागेको राहदानीसम्बन्धी मुद्दामा सहज हुनेछ।

प्रस्तावित विधेयकमा झुटो विवरण दिई राहदानी प्राप्त गरेको कसुरमा हाल रहेको कैदको व्यवस्था हट्नेछ। प्रस्तावित व्यवस्थाअनुसार यस्तो कसुरमा एक लाखदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुने र जरिवाना राहदानी विभागका महानिर्देशकले नै गर्न सक्नेछन्।

हाल प्रचलित राहदानी ऐन, २०७६ अनुसार झुटो विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिन नहुने व्यवस्था छ। यस्तो कसुर गरेमा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना, एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। संशोधन विधेयकले भने कैद सजाय हटाएर जरिवानामा मात्रै सीमित गरेको छ।

यही व्यवस्थाका कारण विधेयकको प्रत्यक्ष लाभ रवि लामिछानेलाई पुग्न सक्ने देखिएको हो। अमेरिकी राहदानी कायम रहेकै अवस्थामा नेपाली राहदानी लिएको विषयमा लामिछानेविरुद्ध मुद्दा चलाउनुपर्ने मागसहित परेको रिट सर्वोच्च अदालतमा विचाराधीन छ। >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

श्रम मन्त्रालयले २५ म्यानपावरलाई बोलायो

मध्यान्ह संवाददाता
काठमाडौं, ७ भदौ

युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसियाको फरेन वर्कर सेन्टुल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) अन्तर्गत रजिस्टर्ड भएका २५ वटा म्यानपावर कम्पनीका सञ्चालकसँग छलफल गर्ने भएको छ। मलेसियाले शुक्रबार श्रमिक आपूर्ति गर्ने मुख्य स्रोत मुलुक नेपालका २५ म्यानपावर कम्पनीलाई एफडब्लुसिएमएसमा रजिस्टर्ड गरेको सार्वजनिक भएको थियो।

२५ म्यानपावर कम्पनीको सूचीमा फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि., लाल धनुष इन्टर नेसनल सर्भिस, नेपाल प्लेसमेन्ट एजेन्सी प्रा.लि., द रिभर ओभरसिज प्रा.लि., एसिया लिंक सर्भिसेस प्रा.लि., मोन्टेज ओभरसिज प्रा.लि., नेपाल एचआर सोलुसन प्रा.लि., स्काइ पावर इन्टर नेसनल सर्भिसेस, ट्रस्ट नेपाल ओभरसिज प्रा.लि., एक्सेस पार्टनर्स प्रा.लि., ह्वाइट हर्स इन्टरनेसनल प्रा.लि., ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेस प्रा.लि., बी.एम. ओभरसिज प्रा.लि., इन्डो अरब म्यानपावर प्रा.लि., संयोग ओभरसिज प्रा.लि., ट्यालेन्ट ओभरसिज सर्भिसेस प्रा.लि., वाइड स्पेस इन्टरनेसनल, खोजी रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि., ए.एन.एस. एसोसिएट्स प्रा.लि., अल-हयात म्यानेजमेन्ट सिस्टम प्रा.लि., अल स्किल्स इन्टर नेसनल ह्युमन रिसोर्सेस, बिलिभेबल ओभरसिज प्रा.लि., डि स्क्वायर्ड ग्रुप, डीडी ह्युमन रिसोर्सेस ग्रुप प्रा.लि. र प्यारामाउन्ट इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि. रहेका छन्।

मन्त्रालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समन्वयमा २५ म्यानपावर कम्पनीका सञ्चालकसँग छलफल गर्न लागेको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिए। संघले आइतबार सबै म्यानपावर कम्पनीलाई मन्त्रालयमा सोमबार हुने छलफलमा सहभागी हुन इमेलमार्फत पत्राचार गरिसकेको संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले जानकारी दिए।

मन्त्रालय मलेसियाको एफडब्लुसिएमएसअन्तर्गत नेपालका २५ वटा म्यानपावर कम्पनी सूचीकरण भएको >>> पृष्ठ २ मा

२५ म्यानपावरलाई संघको पनि छुट्टै उर्दी

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपाल सरकार र मलेसिया सरकारबीच भएको द्विपक्षीय श्रम सम्झौता, समझदारी तथा स्थापित कूटनीतिक अभ्यासको पूर्ण पालना हुनुपर्ने धारणा दोहोऱ्याएको छ।

आइतबार पत्रकार सम्मेलन गर्दै संघले २५ वटा नेपाली वैदेशिक रोजगार व्यवसायी संस्थाको नाम मात्र समावेश गरी ती संस्थामार्फत मात्र नेपाली श्रमिक पठाउने व्यवस्था गर्न लागिएको विषयमा गम्भीर ध्यानाकर्षण भएको भन्दै नेपालमा दर्ता भएका करिब १ हजार १ सय सबै व्यवसायी संस्थालाई समान अवसर, समान प्रतिस्पर्धा र व्यवसाय गर्ने >>> पृष्ठ २ मा

प्रेस विज्ञप्ति

मलेसियामा नेपाली कामदार पठाउने प्रक्रियामा देखिएको कथित सिन्डिकेट तत्काल अन्त्य गर्न माग

मलेसियामा नेपाली श्रमिक पठाउने प्रक्रियामा सीमित संख्याका वैदेशिक रोजगार व्यवसायीलाई मात्र संलग्न गराई अन्य आधिकारिक तथा इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायीलाई अवसरबाट वञ्चित गर्ने गरी कुनै प्रकारको सिन्डिकेट वा एकाधिकार कायम गर्न खोजिएको भए त्यसप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल सरकारबाट इजाजतप्राप्त सबै वैदेशिक रोजगार व्यवसायीले प्रचलित कानुन र समान मापदण्डका आधारमा वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउने अवसर पाउनुपर्छ। कुनै निश्चित २५ वटा व्यवसायी वा सीमित समूहलाई मात्र मलेसियामा नेपाली कामदार पठाउने अधिकार दिने व्यवस्था भएमा त्यसले व्यवसायीबीच असमानता सिर्जना गर्नुका साथै श्रमिकको हितमा समेत प्रतिकूल प्रभाव पार्न सक्छ।

त्यसैले २५ वटा व्यवसायीको सीमित समूहबाट मात्र नेपाली श्रमिक मलेसिया पठाउने प्रक्रिया अघि बढाइएको हो भने तत्काल रोक्न र त्यस्तो सिन्डिकेट निर्माणमा संलग्न व्यक्ति वा संस्थामाथि छानबिन गरी कानुनबमोजिम कडा कारबाही गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय र सम्बन्धित निकायसँग नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति जोडदार माग गर्दछ।

मलेसियासँगको श्रमसम्बन्धी विषयमा नेपाल सरकार र वैदेशिक रोजगार व्यवसायीबीच सहकार्य, पारदर्शिता, समान अवसर र श्रमिकको हितलाई केन्द्रमा राखी स्पष्ट एवं न्यायपूर्ण व्यवस्था कायम गरिनुपर्छ।

समान अधिकार, समान अवसर र व्यवसायीको सम्मानका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति विगतमा जस्तै यस विषयमा पनि दृढतापूर्वक उभिएर आवश्यक सबै प्रकारका वैधानिक तथा लोकतान्त्रिक संघर्ष गर्न तयार रहेको स्पष्ट गर्दछ।

नेपाल सरकार र सम्बन्धित सबै निकायलाई हाम्रो आग्रह :
सिन्डिकेट होइन, समान अवसर कायम गरियोस्।
मनपरी होइन, पारदर्शी प्रणाली लागू गरियोस्।
सीमित व्यवसायी होइन, सबै आधिकारिक व्यवसायीलाई अवसर दिइयोस्।

हरि बहादुर पाण्डे
अध्यक्ष

तारा नाथ अर्याल
कार्यकारी उपाध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति
सामाखुसी, काठमाडौं

मलेसिया रोजगारी सम्बन्धी भ्रामक प्रचारप्रति हाम्रो स्पष्ट धारणा

विगत केही दिनदेखि विभिन्न अनलाइन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा मलेसिया रोजगारीका नाममा कथित रूपमा सिन्डिकेट खडा गर्ने कार्यमा मेरो तथा मसँग सम्बद्ध **इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.**को नाम जोडेर विभिन्न किसिमका समाचार, टिप्पणी र धारणा सार्वजनिक गरिएको विषयप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ।

मलेसियाको एफडब्लुसिएमएस (FWCMS) पोर्टल अन्तर्गत 'Registered Recruitment Agencies' शीर्षकमा मलेसिया जाने नेपाली श्रमिकका लागि २५ वटा नेपाली वैदेशिक रोजगार व्यवसायी संस्थाको सूची प्रकाशित भएको तथा उक्त सूची निर्माण वा त्यससँग सम्बन्धित कथित सिन्डिकेट प्रक्रियामा मेरो वा मसँग सम्बद्ध कम्पनीको संलग्नता रहेको भन्ने आशयका समाचार तथा आरोपहरू पूर्णतः निराधार, भ्रामक र तथ्यहीन रहेको स्पष्ट पार्न चाहन्छु।

सर्वप्रथम, म स्वयं तथा मसँग सम्बद्ध इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. उक्त सूची तयार गर्ने वा त्यसमा कम्पनीको नाम समावेश गर्ने प्रक्रियामा कुनै पनि रूपमा संलग्न नरहेको तथा यस विषयमा पूर्णतः अनभिज्ञ रहेको स्पष्ट पार्न चाहन्छु। सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा प्रचारित सामग्रीका आधारमा हाम्रो नाम जोडिनु दुःखद् र खेदजनक विषय हो।

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. नेपाल सरकारको नीति, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय श्रम र आप्रवासनका स्थापित मापदण्डअनुसार स्वच्छ, न्यायोचित तथा नैतिक भर्ना प्रक्रिया (Ethical Recruitment) मार्फत मात्र आफ्नो व्यवसाय सञ्चालन गर्दै आएको कम्पनी हो। नेपाली श्रमिकलाई सुरक्षित, सम्मानजनक र मर्यादित वैदेशिक रोजगारीमा पठाउने उद्देश्यलाई कम्पनीले आफ्नो मूल सिद्धान्तका रूपमा आत्मसात् गर्दै आएको छ।

यसका साथै, वैदेशिक रोजगार व्यवसायमा समान अवसर, निष्पक्ष प्रतिस्पर्धा तथा पारदर्शी व्यावसायिक वातावरण कायम हुनु आवश्यक रहेको मेरो दृढ धारणा छ। कुनै निश्चित व्यवसायी वा संस्थालाई विशेष लाभ पुग्ने गरी अन्य इजाजतप्राप्त व्यवसायी संस्थालाई प्रतिस्पर्धाबाट वञ्चित, सीमित वा विभेद गर्ने प्रकृतिको कुनै पनि व्यवस्था, प्रक्रिया वा कार्य स्वस्थ तथा निष्पक्ष प्रतिस्पर्धाको मूल मान्यताविपरीत भएको र वैदेशिक रोजगार व्यवसायमा सबै इजाजतप्राप्त व्यवसायी संस्थालाई समान अवसर, समान व्यवहार र निष्पक्ष प्रतिस्पर्धाको वातावरण सुनिश्चित गरिनुपर्नेमा म दृढतापूर्वक जोड दिन चाहन्छु।

विशेषतः इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) द्वारा सञ्चालित इन्टरनेशनल रिक्रुटमेन्ट इन्टेग्रिटी सिस्टम (IRIS) द्वारा प्रमाणित भएको र 'The Fair Hiring Initiatives' अन्तर्गत 'On The Level (OTL)' को प्रमाणपत्र प्राप्त गर्ने नेपालको पहिलो म्यानपावर कम्पनी भएको कुरा हामी गर्वका साथ उल्लेख गर्न चाहन्छौं। यसले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई शून्य लागत तथा न्यायोचित र नैतिक भर्ना प्रक्रियामार्फत रोजगारीका अवसर उपलब्ध गराउँदै आएको छ।

विगत करिब दुई दशकदेखि मलेसिया लगायत विभिन्न मुलुकमा नेपाली श्रमिक पठाउँदै आएको कम्पनीले हालसम्म २० हजारभन्दा बढी नेपाली श्रमिकलाई मलेसिया लगायतका विभिन्न गन्तव्य मुलुकमा स्वच्छ, पारदर्शी र नैतिक भर्ना प्रक्रियामार्फत निःशुल्क वैदेशिक रोजगारीमा पठाइसकेको छ। कम्पनीले सन् २०१६ देखि न्यायोचित तथा नैतिक भर्ना प्रक्रियालाई व्यवस्थित रूपमा अवलम्बन गर्दै आएको र सन् २०१८ देखि श्रम आप्रवासनका क्रममा लाग्ने खर्च रोजगारदाता कम्पनीले व्यहोर्ने सिद्धान्तमा आधारित स्वच्छ तथा श्रमिकमैत्री भर्ना प्रक्रिया अपनाउँदै आएको छ। हाम्रो कम्पनीको विगतको लामो अनुभव, व्यावसायिक अभ्यास, अन्तर्राष्ट्रिय मापदण्डप्रतिको प्रतिबद्धता तथा हजारौं नेपाली श्रमिकको हितमा गरिएको कार्यलाई बेवास्ता गर्दै कुनै ठोस प्रमाण र सत्यतथ्यविना हाम्रो नाम बिना आधार हचुवा तवरबाट सिन्डिकेटसँग जोडिनु अत्यन्त दुःखद् विषय हो। यस्ता निराधार आरोप तथा भ्रामक सामग्रीले मेरो व्यक्तिगत प्रतिष्ठा र इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.को दुई दशक लामो व्यावसायिक साखमा गम्भीर आघात पुग्नुका साथै यस कम्पनीले विगतदेखि स्वच्छ, निष्पक्ष र कानुनी तवरबाट काम गर्दै आएको कुरालाई आक्षप लगाई दुराशयपूर्ण तवरबाट आरोप लगाइएको भन्ने हाम्रो ठम्याइ छ।

यस विषयमा आवश्यक तथ्य र प्रमाण संकलन गरी प्रचलित कानुनबमोजिम उपलब्ध कानुनी उपचारका विषयमा समेत हामीले आवश्यक परामर्श र छलफल गरिरहेका छौं। तथापि, हाम्रो पहिलो आग्रह भनेको सत्यतथ्यका आधारमा मात्र सूचना सम्प्रेषण गर्नुपर्छ भन्ने हो।

त्यसैले, सत्यतथ्य नबुझी वा अपुष्ट, अधुरो तथा एकपक्षीय सूचनाका आधारमा कम्पनी तथा कम्पनीसँग सम्बद्ध व्यक्तिहरूको नाम जोडेर समाचार, सूचना, टिप्पणी वा धारणा सार्वजनिक नगर्न सम्बन्धित सञ्चारमाध्यम, पत्रकार मित्रहरू, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सम्पूर्ण सरोकारवाला पक्षसँग हार्दिक अनुरोध गर्दछौं। कुनै जिज्ञासा, भ्रम वा अन्योल भएमा आधिकारिक जानकारीका लागि प्रत्यक्ष रूपमा कम्पनीसँग सम्पर्क गरी तथ्य बुझ्नसमेत आग्रह गर्दछौं।

हामी विगतमा जस्तै आगामी दिनमा पनि नेपाली श्रमिकको हित, सुरक्षित र मर्यादित वैदेशिक रोजगारी, शून्य लागतको सिद्धान्त, स्वच्छ एवं नैतिक भर्ना प्रक्रिया तथा निष्पक्ष र पारदर्शी वैदेशिक रोजगार व्यवसायको पक्षमा दृढतापूर्वक प्रतिबद्ध रहनेछौं।

वाइ बी राई
प्रबन्ध निर्देशक

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.
ग्वार्को, ललितपुर, फोन : ०१-५२०४३४६, ५२०४३४७

License No 309/059/060

Licence No. 309/059/060 qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No. 21180/0

IRIS ETHICAL RECRUITMENT | ON THE LEVEL | Sedex | The Gangmasters and Labour Abuse Authority #INTE0030 | ALP

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ भदौ २०८३ सोमबार
24 August 2026 Monday

'टीकापुर घटनाबारे लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकार प्रतिबद्ध'

काठमाडौं/मस- कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले टीकापुर घटनासँग सम्बन्धित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छिन् ।

थारू कल्याणकारिणी सभाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री चौधरीले टीकापुर घटनाको सत्यतथ्य सार्वजनिक गरी न्यायोचित ढंगले समाधान खोजिनुपर्ने बताइन् ।

थारू कल्याणकारिणी सभाले हरेक वर्ष भदौ ७ गते टीकापुर विद्रोह दिवसका रूपमा विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ । यस वर्ष पनि 'टीकापुर विद्रोह, आन्दोलनको

माग मुद्दा एवं अबको निकास' तथा 'नेपालको संविधानको अन्तरवस्तुमा थारू समुदायको साझा सवाल र संशोधनको आवश्यकता' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा मन्त्री चौधरीले थारू समुदायका माग तथा मुद्दा सरकारमै बसेर उठाइरहेको बताइन् । उनले थारू समुदायको अधिकार, पहिचान र न्यायका सवालमा आफू निरन्तर आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गरिन् । मन्त्री चौधरीले टीकापुर घटनासँग सम्बन्धित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न पहल गर्ने बताउँदै थारू समुदायका जायज माग सम्बोधन गर्न सरकार गम्भीर रहेको स्पष्ट पारिन् । उनले टीकापुर घटनाको विषयलाई लामो समयसम्म अनिर्णित अवस्थामा राख्न नहुने भन्दै सत्यतथ्यका आधारमा न्यायोचित समाधान खोजिनुपर्नेमा जोड दिइन् ।

मोटरसाइकलको ठक्करबाट साइकलयात्रीको मृत्यु

बिन्द्र राई/मध्यान्ह
उदयपुर, ७ भदौ

उदयपुरमा मोटरसाइकलको ठक्करबाट साइकल यात्रीको मृत्यु भएको छ। आइतबार गाईघाट-दिक्तेल सडकखण्डअन्तर्गत त्रियुगा नगरपालिका-१० बोक्से करमगाछीमा भएको दुर्घटनामा परी साइकल चालक रन्तबहादुर राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

प्रदेश नं. ३-०२-०१४ प ०७७५ नम्बरको मोटरसाइकलको ठक्करले साइकलमा सवार त्रियुगा नगरपालिका-१० यलम्बर मार्गका ६० वर्षीय राई गम्भीर घाइते भएका थिए। प्रहरीका अनुसार बरुवा पुलदेखि गाईघाट बजारतर्फ आउँदै गरेको मोटरसाइकलले सोही दिशातर्फ जाँदै गरेको साइकललाई ठक्कर दिँदा राई घाइते भएका थिए।

घाइते राईको उद्धार गरी जिल्ला अस्पताल गाईघाटमा उपचारका लागि लगिएको थियो। घाइते अवस्थामा उपचारका लागि अस्पताल लगिएकोमा उपचारकै क्रममा चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ। मोटरसाइकल चालक त्रियुगा नगरपालिका-१२ का १९ वर्षीय मोहम्मद सबिब राईन पनि घाइते भएको प्रहरीले जनाएको छ । उनको दुवै हात, खुट्टा र निधारमा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। राईनको सोही अस्पतालमा उपचार भइरहेको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

जयपृथ्वी पिठातोली र नरेश स्मृति सिंहलाई प्रदान

बझाङ/मस-मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहको १५०औं जन्मजयन्ती तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा बझाङको आठौं वार्षिक साधारण सभाको अवसरमा दुई पत्रकारलाई पत्रकारिता पुरस्कार प्रदान गरिएको छ।

यस वर्षको जयपृथ्वी पत्रकारिता पुरस्कार पत्रकार भूमिराज पिठातोलीलाई प्रदान गरिएको छ भने नरेश स्मृति पत्रकारिता पुरस्कार पत्रकार सत्यराज सिंहलाई प्रदान गरिएको हो।

पत्रकारितामार्फत सत्य, तथ्य र निष्पक्ष सूचनाको सम्प्रेषण, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, सामाजिक जागरण, सुशासन तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्धनमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सिंहलाई नरेश स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको नेपाल पत्रकार महासंघ जिल्ला शाखाका अध्यक्ष ललित सिंहले बताए।

पुरस्कार प्रदान गर्दै महासंघले पिठातोली र सिंहले समाजमा सकारात्मक चेतना अभिवृद्धि, नागरिक अधिकारको संरक्षण तथा उत्तरदायी पत्रकारिताको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरेको छ।

महासंघले आगामी दिनमा पनि निष्ठा, निर्भीकता, व्यावसायिकता र जनउत्तरदायी पत्रकारितालाई निरन्तरता दिन शुभकामना व्यक्त गरेको छ।

यसैगरी, जयपृथ्वी संस्थागत पत्रकारिता पुरस्कार रेडियो बुंगललाई प्रदान गरिएको छ। पत्रकारिता क्षेत्रको विकास, सूचना सम्प्रेषण तथा समाजमा सकारात्मक चेतना अभिवृद्धिमा पुऱ्याएको योगदानको कदरस्वरूप संस्थागत पुरस्कार प्रदान गरिएको महासंघले जनाएको छ। सोही अवसरमा अग्रज पत्रकारहरूलाई समेत सम्मान गरिएको थियो।

राजा जयपृथ्वीबहादुर सिंहको जन्मजयन्तीका अवसरमा स्थापना गरिएका यी पुरस्कारले बझाङमा सक्रिय पत्रकार, सञ्चारमाध्यम र पत्रकारिता क्षेत्रको योगदानलाई सम्मान गर्दै सत्य, निष्पक्ष र जनउत्तरदायी पत्रकारितालाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

सातबुँदे बझाङ घोषणापत्र जारी

नेपाल पत्रकार महासंघ जिल्ला शाखा बझाङको आठौं वार्षिक साधारण सभाले पत्रकारिता क्षेत्रसहित जिल्लाको समग्र विकासका विषय समेटिएको सातबुँदे बझाङ घोषणापत्रसमेत जारी गरेको छ।

घोषणापत्रमा मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहको जन्मोत्सव तथा स्मृति दिवसलाई राष्ट्रिय रूपमा मनाउन सरकारसँग माग गरिएको छ। धनगढी उपमहानगरपालिका-मनहेरामा निर्माण गरिएको जयपृथ्वीबहादुर सिंहको शालिक तोडफोडको भर्त्सना गर्दै दोषी पहिचान गरी कारबाही गर्न प्रहरी प्रशासनसँग माग गरिएको छ।

सहकारीबाट...

चिया सहकारी सञ्चालनमा छन्,' संघका महासचिव राईले भने, 'ती सहकारीमा कम्तीमा ९ हजार किसान सदस्यकै रूपमा जेडिएका छन्। सहकारीमा आबद्ध किसानले उत्पादन गरेको चिया विश्वबजारसम्म आकिर्षित हुन थालेको छ।' सहकारीको कारोबार केवल हरियो पत्ती बिक्रीमा सीमित नराखी प्रशोधन, प्याकेजिङ र ब्रान्डिङतर्फ केन्द्रित हुनुपर्नेमा उनको जोड छ। चियाको उत्पादन, प्रशोधन, ब्रान्डिङ र निर्यातमा सहकारीको भूमिका बढ्दै जाँदा बजार विविधीकरण, गुणस्तर प्रमाणीकरण र सरकारी सहयोग नभएको राईले दाबी गरे।

२०३९ सालमा तत्कालीन राजा वीरेन्द्रले इलाम, झापा, पाँचथर, धनकुटा, तेह्रथुमसहित पाँचवटा जिल्लालाई चिया क्षेत्र घोषणा गरेका थिए। किसान तहमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ जारी भएसँगै चिया उत्पादनका क्षेत्रमा व्यावसायिक विकासको प्रारम्भ भयो। ०४६-४७ सालदेखि ५०-५२ सालबाट विस्तारै अपडेट हुँदै गएको चिया उद्योग अहिले आर्थिक सम्भावना र रोजगारीको बलियो आधार बनेको छ। नेपालको तराई र पडाहका विभिन्न क्षेत्रमा चियाको व्यावसायिक खेती विस्तार हुँदै गएको छ।

भारतीय बजारको भर

नेपालमा उत्पादित ७० प्रतिशत चिया भारतीय बजारमा निर्यात हुन्छ। यहाँ वार्षिक ३ करोड किलो अर्थात् (तीन हजार मेट्रिकटन) तयारी चिया उत्पादन हुने गरेको छ। नेपालीहरू चियाका पारखी नभएका कारण गाउँ घरमा चिया भन्दा मही, दही र दूध बढी खपत हुने गरेको पाइन्छ। करिब १ करोड केजी चिया पनि नेपालमा खपत हुँदैन। बाँकी चिया भारतसहित तेस्रो मुलुकमा निर्यात हुने गरेको छ। यद्यपि करिब ७० प्रतिशत नेपाली चियाको बजार भारत नै हो। भारतले बेलाबखत चिया आयातामा रोक लगाएका कारण चिया व्यवसायी मारमा छन्।

उक्त समस्याबाट मुक्त हुन नेपाल सरकारले तेस्रो मुलुकमा निर्यातको वातावरण बनाउनुपर्ने व्यवसायी तथा चिया सहकारी अभियान्ताहरूको माग छ। युरोप, अमेरिका, क्यानडासहितका तेस्रो मुलुकमा करिब १० देखि १५ प्रतिशत मात्रै चिया निर्यात हुने गरेको छ। 'मुख्य बजारमा इन्ट्री भएन भने त यहाँ गाह्रो भइहाल्छ,' सहकारी संघका महासचिव राई भन्छन्, 'भारतले नेपाली चिया निर्यातमा रोक लगाउँदा नेपाली चिया किसानहरू मारमा पर्ने गरेका छन्। १ केजी तयारी चिया बन्नलाई करिब ५ केजी हरियो पत्ती आवश्यक पर्दछ।' निर्यात रोकिँदा सिधै किसानको मूल्य रोक्ने उनको भनाइ छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड र व्यवसायीहरूको तथ्यांकअनुसार नेपालमा वार्षिक प्रतिव्यक्ति ३५० ग्राम चिया खपत हुन्छ। नेपाली बजारमा सबैभन्दा बढी सिटिसी चिया खपत हुने गरेको छ। सिटिसी चियामा आत्मनिर्भर रहेको नेपालमा उत्पादित चियाको करिब ५० प्रतिशत स्वदेशभित्रै खपत हुने तथ्यांकमा उल्लेख छ। त्यस्तै, अर्थोडक्स र ग्रिन टी नेपालको पहाडी भेगमा उत्पादन हुने उच्च गुणस्तरको चिया हो। जसको ठुलो हिस्सा (करिब ९५ प्रतिशतभन्दा बढी) विदेश निर्यात हुने गर्दछ। नेपालका सहरी क्षेत्र र पर्यटकीय स्थलहरूमा यसको आन्तरिक व्यापार भने राम्रो देखिएको छ। सिटिसी चियाको आधा उत्पादन डोमेस्टिक खरिद हुने गरेको र आधा भारतीय बजारका लागि निर्यात हुने गरेको व्यवसायीहरूको दाबी छ।

वार्षिक ३ करोड किलो उत्पादन

विश्वका करिब ३५-३६ वटा देशले व्यावसायिक चिया उत्पादन गर्दै आएका छन्। त्यसमध्ये नेपाल १८औं नम्बरमा पर्दछ। नेपालको उत्पादन अन्य देशको तुलनामा निकै कम अर्थात् विश्व बजारमा उत्पादन परिमाणका हिसाबले ०.१ प्रतिशत मात्रै छ। तराईमा उत्पादन हुने सिटिसी र पहाडमा उत्पादन हुन अर्थोडोक्स चियालाई जोडेर नेपालमा वार्षिक करिब ३ करोड तयारी चिया उत्पादन हुने गरेको चिया सहकारी केन्द्रीय संघको तथ्यांक छ। सहकारीहरू मिलेर इलाम झापालगायत चियाको पकेट क्षत्रमा उद्योग खोल्ने कामसमेत भएका छन्। झापामा सिटिसीको चारवटा उद्योगबाट प्रशोधनको काम भइरहेको छ। अरू जिल्लामासमेत गर्दा २७-२८ वटा उद्योग सहकारीले सञ्चालन गरेको चिया सहकारी केन्द्रीय संघले जनाएको छ।

चिया उत्पादनकै लागि खोलिएका ठुला-साना निजी कम्पनीसमेत सक्रिय छन्। प्रारम्भमा कतिपय त्यस्ता कम्पनीले सरकारी जमिन छुट लिएर कम्पनी दर्ता गरेका थिए। सरकारले समेत आफ्नै नाममा सातवटा नेपाल टि कर्पोरेसन कम्पनी चलाएको थियो। अहिले ती कम्पनीहरू निजीकरण गरिएको छ। देशभर झन्डै २२-२५ हजार हेक्टर जग्गामा चिया खेती भइरहेको छ। व्यवसायिक रूपमा १२/१३ वटा जिल्लामा चिया उत्पादन हुँदै आएको महासचिव राईले बताए। 'पछिल्लोपटक अन्य ठाउँमा समेत विस्तार हुँदै छ,' उनले भने, 'अहिले करिब ३१ वटा जिल्लामा चिया खेतीको सुरुवात तथा विस्तार भइरहेको छ।' विभिन्न १७ वटा जिल्लामा चिया क्षेत्रमा काम गर्ने सहकारी स्थापना भएका छन्। देशभर करिब १७० चिया स्टेट र साना-ठुला गरी करिब १२० प्रशोधन केन्द्र संलग्न छन्। राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार नेपालले वार्षिक करिब २ करोड किलो चिया निर्यात गरी ५ अर्ब हाराहारी विदेशी मुद्रा आर्जन गर्ने गरेको छ।

वैकल्पिक बजारको खोजी

सन् २०२६मा भारतले नेपाली चियाको आयातमा गुणस्तर परीक्षणसम्बन्धी प्रक्रिया कडा बनायो। यसले नेपाली चियाको भारतीय बजार निर्भरता कति जोखिमपूर्ण छ भन्ने कुरा फेरि देखाएको छ। जुन २०२६मा भारतीय पक्षको परीक्षण प्रक्रियाका कारण नेपाली चिया निर्यातमा पटक-पटक अवरोध आएको थियो।

त्यस अवधिमा इलाम र झापाका ८३ चिया कारखाना बन्द गर्नुपरेको र ठुलो परिमाणमा चिया गोदाममा रोकिएको उद्योगीहरूले बताएका थिए। पछि भारतले घरेलु उपभोगका लागि आयात हुने चियामा अनिवार्य परीक्षणको व्यवस्था केही सहज बनायो। तर, बारम्बार बदलिने परीक्षण प्रक्रिया र प्रमाणपत्रको विषयले नेपाली चिया उद्योगमा बजार जोखिम कति ठुलो छ भन्ने देखाएको छ। यस घटनाले सहकारीलाई पनि प्रत्यक्ष असर पार्छ। किसानले हरियो पत्ती उत्पादन गर्छन्, सहकारीले संकलन गर्छ, उद्योगले प्रशोधन गर्छ र निर्यातकर्ता बजारमा पठाउँछ। निर्यात रोकिँदा यसको असर अन्ततः किसानको भुक्तानीसम्म पुग्छ।

पुरानो राष्ट्रिय चिया निर्यात रणनीतिले नेपालले ३५ भन्दा बढी देशमा चिया निर्यात गर्ने गरेको र जर्मनी, चेक गणतन्त्र, रुस, चीन, फ्रान्स, अमेरिका, जापान, क्यानडा र युक्रेनजस्ता बजारलाई सम्भावित गन्तव्यका रूपमा देखाएको थियो। यी देशहरू नेपाली चियाको वैकल्पिक बजारका रूपमा विकास गर्न सरकारले आवश्यक समन्वयमा सहयोग गर्नुपर्ने चिया उद्यमी तथा व्यवसायीको माग छ।

उत्पादनको ट्रेसिबिलिटी, अर्गानिक प्रमाणीकरण, खाद्य सुरक्षा, कीटनाशक अवशेषको परीक्षण, अन्य गुणस्तर प्रणाली, निरन्तर गुणस्तर र आकर्षक प्याकेजिङलाई व्यवस्थित गर्न सके विश्वबजारमा नेपाली चिया निर्यातमा बाटो खुल्ने विज्ञहरू बताउँछन्। नेपालको राष्ट्रिय चिया निर्यात रणनीतिले पनि अन्तर्राष्ट्रिय बजारका लागि प्रमाणीकरण, ट्रेसिबिलिटी र कीटनाशक अवशेष नियन्त्रणलाई महत्वपूर्ण मानेको छ।

अघि...

लामिछानेविरुद्ध राहदानी दुरुपयोगमा मुद्दा नचलाउने निर्णय तत्कालीन महान्यायाधिवक्ता दिनमणि पोखरेलले २०७९ चैत ६ गते गरेका थिए। त्यसअघि जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौं र उच्च सरकारी वकिलको कार्यालय पाटनले पनि मुद्दा चलाउन आवश्यक नरहेको रायसहितको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा बुझाएका थिए। तर, महान्यायाधिवक्ताको निर्णयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले मुद्दा चलाउन आदेश दिएको अवस्थामा नयाँ कानुनको प्रभाव महत्वपूर्ण हुन सक्छ।

कसुर हुँदाको समयको कानुनअनुसार मुद्दा हेर्ने भए पनि सजायका हकमा पछि बनेको खुकुलो कानुन लागू हुन सक्ने विधिशास्त्रीय मान्यता छ। त्यसैले विधेयक जस्ताकोतस्तै पारित भएर ऐन बनेर लागू भएको अवस्थामा लामिछाने दोषी ठहर भए पनि कैदको सट्टा जरिवाना मात्रै तिरे पुग्छ।

यद्यपि, लामिछानेले नयाँ कानुनको सुविधा पाउने/नपाउने निर्क्योल सर्वोच्च अदालतको निर्णयमा निर्भर हुनेछ। महान्यायाधिवक्ताले गरेको मुद्दा नचलाउने निर्णय नै सर्वोच्चले सदर गरेमा मुद्दा अघि बढ्ने छैन र नयाँ सजायसम्बन्धी व्यवस्थाको प्रश्न पनि उठ्ने छैन। सरकारले भने विधेयक व्यक्ति विशेषलाई लक्षित गरेर नल्याइएको दाबी गरेको छ। परराष्ट्र मन्त्रालयका अधिकारीहरूले राहदानीसम्बन्धी प्रशासनिक समस्या समाधान गर्न विधेयकको मस्यौदा तयार पारिएको बताउँछन्। नागरिकता र राष्ट्रिय परिचयपत्रजस्ता मूल कागजातका आधारमा राहदानी जारी हुने भएकाले राहदानीमा झुटो विवरणसम्बन्धी कसुरलाई प्रशासनिक जरिवानामार्फत टुंग्याउने अवधारणा राखिएको उनीहरूको भनाइ छ।

विधेयकले राहदानीसम्बन्धी अन्य व्यवस्थामा पनि परिवर्तन प्रस्ताव गरेको छ। विदेशमा रहेका नेपालीका सन्तानलाई आमाको स्वघोषणा र नेपाली नियोगको दर्ता नम्बरका आधारमा राहदानी जारी गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। विदेशमा बलात्कार, सम्बन्धविच्छेदलगायत परिस्थितिमा नेपाली आमाबाट जन्मिएका सन्तानलाई पहिचान र राज्यविहीनताको अवस्थाबाट जोगाउन यस्तो व्यवस्था गरिएको सरकारले जनाएको छ।

त्यस्तै, उद्धार आवश्यक भएका वा विदेशमा अलपत्र परेका नेपालीका लागि अस्थायी राहदानीको व्यवस्था पहिलोपटक प्रस्ताव गरिएको छ। विदेशमा रहेका नेपालीलाई राहदानी तथा भिसा सेवा सहज बनाउन निजी क्षेत्रमार्फत बायोमेट्रिक विवरण संकलन गर्न सकिने प्रावधान पनि विधेयकमा राखिएको छ। यसमा नागरिकको संवेदनशील जैविक विवरणको सुरक्षा कसरी गर्ने भन्ने प्रश्न संसद्मा उठेको छ।

श्रम...

विषयको विपक्षमा उभिएको छ। शुक्रबार उक्त विषय सार्वजनिक भएपछि शनिबार नै श्रम मन्त्रालयले मलेसियाको एसडब्लुसिएमएस पोर्टलको 'रिक्रुटमेन्ट एजेन्सी'मार्फत मलेसिया जाने नेपाली श्रमिकका लागि २५ वटा संस्थाहरूको सूची मान्य नहुने भन्दै पुरानो प्रणाली नै कायम हुनुपर्ने बताएको छ।

शनिबार श्रममन्त्री रामजी यादवले मलेसियाका लागि नेपालका कार्यवाहक राजदूत मोहम्मद फिर्दोस अजमानसँग भेट, छलफल तथा परामर्श गरेका थिए। त्यसलगत्तै विज्ञप्ति जारी गर्दै मन्त्रालयले उक्त सूची मान्य नहुने स्पष्ट पारेको हो।

नेपाल सरकारले द्विपक्षीय श्रम सम्झौतामा भएको व्यवस्थाअनुसार संयुक्त प्राविधिक समितिमार्फत छलफल तथा वार्ताका माध्यमबाट टुंग्याउन सकिने विषयमा सोहीअनुसार हुनुपर्ने मलेसियालाई स्मरण गराएको छ।

२५ म्यानपावर कम्पनी सूचीकरण भएको विषयमा शनिबार नै परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई विद्यमान प्रणालीलाई नै निरन्तरता दिन अनुरोध गर्दै पत्राचारसमेत भइसकेको मन्त्रालयले जनाएको छ।

संघले २५ वटा संस्थाहरूलाई ३ दिनभित्र तथ्य, प्रमाण तथा सम्बन्धित कागजातसहित चित्तबुझ्दो स्पष्टीकरण पेस गर्न निर्देशन दिँदै तोकिएको समयभित्र स्पष्टीकरण प्राप्त नभएमा वा प्राप्त स्पष्टीकरण तथ्य तथा प्रमाणका आधारमा सन्तोषजनक नदेखिएमा संघको विधान, आचारसंहिता तथा प्रचलित कानुनबमोजिम आवश्यक संस्थागत कारबाही अगाडि बढाइने बताएको छ।

२५ म्यानपावरलाई...

अधिकार सुनिश्चित हुनुपर्ने अडान सार्वजनिक गरेको छ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले सीमित २५ वटा संस्थालाई मात्र प्रणालीमा आबद्ध गर्ने व्यवस्था स्थापित भएमा यसले वैदेशिक रोजगार क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा, विभेद तथा एकाधिकारको अवस्था सिर्जना गर्न सक्ने खतरा रहेको बताए।

उनले करिब २५० वटा इजाजतपत्रवाला संस्थाहरूको नाम समावेश गरी सार्वजनिक र प्रसारित गरिएको विषयसमेत संघको जानकारीमा आएको भन्दै यसबाट व्यवसायीबीच भ्रम, अन्योल र विभाजन सिर्जना हुने तथा वास्तविक निर्णय र प्रक्रियालाई अन्योलपूर्ण बनाउने अवस्था देखिएको बताए। यस विषयमा संघ स्पष्ट रहेको र व्यवसायी पनि स्पष्ट हुन आवश्यक रहेको उनले बताए। यस विषयमा नेपाल सरकार, युवा, श्रम तथा रोजगार मन्त्रालयको समेत ध्यानाकर्षण भएको र मन्त्रालयबाट मलेसियाका लागि नेपालका कार्यवाहक राजदूतसँग भेटघाट तथा छलफल गरी उक्त विषयमा मन्त्रालयको धारणा र चासोसमेत राखिएको विषय सार्वजनिक भएकोलाई सकारात्मक रूपमा लिँदै संघले नेपाल सरकार र मलेसिया सरकारबीचको द्विपक्षीय श्रम संयन्त्रमार्फत विवादित विषयको स्थायी, पारदर्शी र न्यायोचित समाधान खोजिनुपर्ने माग गरेको छ।

संघले २५ व्यवसायी मलेसियामा भएको सूचीकरणबाट फिर्ता नभए आवश्यक प्रमाण तथा कागजात संकलन गरी यस विषयमा वैदेशिक रोजगार विभाग, श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्बन्धित अनुसन्धान निकाय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूलाई समेत जानकारी गराई आवश्यक छानबिन तथा अनुसन्धानका लागि औपचारिक रूपमा पहल गरिने बताएको छ।

संघको उद्देश्य कुनै व्यवसायी संस्थालाई पूर्वाग्रहका आधारमा दोषी ठहर गर्नु नभएको भन्दै संघले वैदेशिक रोजगार व्यवसायमा गैरकानुनी एकाधिकार, सिन्डिकेट, आर्थिक चलखेल वा व्यावसायिक विभेद भएको पाइएमा त्यसलाई कानुनी तथा संस्थागत रूपमा चुनौती दिन संघ प्रतिबद्ध रहेको बताएको छ।

वैदेशिक रोजगार व्यवसाय कुनै व्यक्ति, संस्था वा सीमित समूहको निजी स्वार्थमा सञ्चालन हुने क्षेत्र नभई लाखौं नेपाली श्रमिकको रोजगारी, परिवारको आयआर्जन तथा मुलुकको अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको राष्ट्रिय महत्वको क्षेत्र भएको भन्दै व्यवसायमा समान अवसर, स्वस्थ प्रतिस्पर्धा र श्रमिकमाथि अतिरिक्त आर्थिक भार पार्ने सिन्डिकेटरहित अवस्था हुनुपर्ने संघले बताएको छ।

२५ म्यानपावरमा उच्च सुरक्षा सतर्कता

नेपाल प्रहरीले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)अन्तर्गत रजिस्टर्ड भएका २५ वटा म्यानपावर कम्पनीका कार्यालयमा उच्च सुरक्षा सतर्कता अपनाएको छ। मलेसियामा श्रमिक पठाउन २५ कम्पनीको नाम सार्वजनिक भएपछि आक्रोशित व्यवसायीले ती कम्पनीमा नाराबाजी र तालाबन्दी गरेपछि प्रहरीले सुरक्षा बढाएको हो।

आइतबार व्यवसायीहरूले सुरुमा एसिया लिंक, त्यसपछि दि रिभर हुँदै फ्रन्टलाइन र नेपाल एचआरमा पुगेर तालाबन्दी गरेका हुन्। एसिया लिंकमा तालाबन्दी गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष खत्री पुगेका थिए। तालाबन्दीका क्रममा घचेटाघचेट भएपछि प्रहरीले बल प्रयोग गरेर स्थितिलाई नियन्त्रणमा लिएको थियो।

इन्टरनेसनल म्यानपावरको प्रष्टीकरण

इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.ले मलेसिया रोजगारीसम्बन्धी बिना कारण आफ्नो कम्पनीको नाममा भ्रामक प्रचार फैलाइएको भन्दै आपत्ति जनाएको छ।

कम्पनीका सञ्चालक वाइबी राईले विगत केही दिनदेखि विभिन्न अनलाइन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा मलेसिया रोजगारीका नाममा कथित रूपमा सिन्डिकेट खडा गर्ने कार्यमा इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.को नाम जोडेर विभिन्न किसिमका समाचार, टिप्पणी र धारणा सार्वजनिक गरिएको विषयप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन्।

उनले सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा प्रचारित सामग्रीका आधारमा आफ्नो कम्पनीको नाम जोडिनु दुःखद् र खेदजनक विषय भएको बताएका छन्।

इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. नेपाल सरकारको नीति, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय श्रम र आप्रवासनका स्थापित मापदण्डअनुसार स्वच्छ, न्यायोचित तथा नैतिक भर्ना प्रक्रियामार्फत मात्र आफ्नो व्यवसाय सञ्चालन गर्दै आएको कम्पनी भएको भन्दै राईले नेपाली श्रमिकलाई सुरक्षित, सम्मानजनक र मर्यादित वैदेशिक रोजगारीमा पठाउने उद्देश्यलाई कम्पनीले आफ्नो मूल सिद्धान्तका रूपमा आत्मसात् गर्दै आएको बताएका छन्।

वैदेशिक रोजगार व्यवसायमा समान अवसर, निष्पक्ष प्रतिस्पर्धा तथा पारदर्शी व्यावसायिक वातावरण कायम हुनु आवश्यक रहेको दृढ धारणा रहेको भन्दै सञ्चालक राईले कुनै निश्चित व्यवसायी वा संस्थालाई विशेष लाभ पुग्ने गरी अन्य इजाजतप्राप्त व्यवसायी संस्थालाई प्रतिस्पर्धाबाट वञ्चित, सीमित वा विभेद गर्ने प्रकृतिको कुनै पनि व्यवस्था, प्रक्रिया वा कार्य स्वस्थ तथा निष्पक्ष प्रतिस्पर्धाको मूल मान्यताविपरीत भएको बताएका छन्।

वैदेशिक रोजगार व्यवसायमा सबै इजाजतप्राप्त व्यवसायी संस्थालाई समान अवसर, समान व्यवहार र निष्पक्ष प्रतिस्पर्धाको वातावरण सुनिश्चित गरिनुपर्नेमा आफू दृढतापूर्वक उभिएको पनि उनले बताएका छन्।

विशेषतः इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) द्वारा सञ्चालित इन्टरनेसनल रिक्रुटमेन्ट इन्टेग्रिटी सिस्टमद्वारा प्रमाणित भएको र 'दि फेयर हाइरिङ इनिसिएटिभ्स' अन्तर्गत 'अन द लेभल (ओटिएल)'को प्रमाणपत्र प्राप्त गर्ने नेपालको पहिलो म्यानपावर कम्पनी भएको भन्दै त्यसले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई शून्य लागत तथा न्यायोचित र नैतिक भर्ना प्रक्रियामार्फत रोजगारीका अवसर उपलब्ध गराउँदै आएको बताएका छन्।

तीन व्यवसायीलाई मञ्चको स्पष्टीकरण

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) पोर्टलको 'रिक्रुटमेन्ट एजेन्सी'मा सूचीकृत ३ म्यानपावर व्यवसायीलाई २४ घण्टे स्पष्टीकरण सोधेको छ। मञ्चले द रिभर ओभरसिज प्रा.लि.का सञ्चालक रघुनाथ पुरी, एसिया लिंक सर्भिसेस प्रा.लि.का सञ्चालक मिलन कट्टेल र ट्रस्ट नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक रबिन गुरुङलाई स्पष्टीकरण सोधेको अध्यक्ष जनक रावलले जानकारी दिए। स्पष्टीकरण चित्तबुझ्दो नभए मञ्चको विधानअनुसार कारबाही गरिने उनले बताए।

द रिभरको स्पष्टीकरण

द रिभर ओभरसिज प्रा.लि.ले मलेसियामा नेपाली श्रमिक पठाउन सूचीकरणप्रति आफ्नो असहमति सार्वजनिक गरेको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका नाममा सार्वजनिक स्पष्टीकरण लेख्दै उक्त प्रा.लि.का सञ्चालक रघुनाथ पुरीले हालै सार्वजनिक रूपमा प्रसारित भएको कथित २५ जनाको सिन्डिकेटसम्बन्धी सूचीमा द रिभर ओभरसिज प्रा.लि.को नाम समावेश भएको सम्बन्धमा आफ्नो कुनै संलग्नता, सहमति वा समर्थन नरहेको स्पष्ट पारेका छन्। साथै, उक्त सीमित सूचीकरणप्रति आफ्नो स्पष्ट असहमति रहेको बताएका छन्।

स्पष्टीकरणमा कुनै पनि प्रकारको सिन्डिकेट व्यवस्था अस्वीकार्य रहेको स्पष्ट धारणा रहेको भन्दै नेपालबाट मलेसिया लगायत वैदेशिक रोजगार गन्तव्यमा श्रमिक पठाउने प्रक्रियालाई सीमित संख्याका व्यवसायी संस्थामा मात्र सीमित गर्नु उचित नहुने प्रा.लि.को विश्वास रहेको उल्लेख गरिएको छ। नेपाल सरकारद्वारा प्रचलित कानुन, नीति, मापदण्ड तथा प्रक्रियाअनुसार योग्य ठहरिएका सबै वैदेशिक रोजगार व्यवसायी संस्थाले समान अवसर, निष्पक्ष प्रतिस्पर्धा र कानुनसम्मत रूपमा व्यवसाय सञ्चालन गर्ने अधिकार प्राप्त गर्नुपर्छ भन्नेमा आफू दृढ रहेको समेत पुरीले बताएका छन्।

प्रजातान्त्रिक संघको आपत्ति

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघले मलेसिया रोजगारीका लागि २५ वटा वैदेशिक रोजगार व्यवसायी संस्था मात्रै सूचीकृत गरिएको विषयमा आपत्ति जनाएको छ।

संघले मलेसियामा नेपाली श्रमिक पठाउने प्रक्रियामा सीमित वैदेशिक रोजगार व्यवसायी संस्थालाई मात्रै अवसर दिने व्यवस्था खारेज गरी सबै इजाजतपत्र प्राप्त व्यवसायीलाई समान प्रतिस्पर्धाको वातावरण बनाउन माग गरेको छ।

संघका अध्यक्ष भीष्मराज अधिकारीले मलेसिया रोजगारीमा देखिएको 'सिन्डिकेटको खेल' तत्काल अन्त्य गर्न सरकारसँग माग गरेका छन्। उनले कानुनी रूपमा इजाजतपत्र लिएर वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका सबै संस्थालाई समान अवसर उपलब्ध गराउनुपर्ने बताए।

मलेसियाको एफडब्लुसिएमएस पोर्टलअन्तर्गत नेपाली श्रमिक पठाउने 'रिक्रुटमेन्ट एजेन्सी'का रूपमा २५ वटा नेपाली वैदेशिक रोजगार व्यवसायी संस्था मात्रै सूचीकृत हुनुको आधार र प्रक्रिया पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने अधिकारीको माग छ।

उनले वैदेशिक रोजगार व्यवसायमा प्रतिस्पर्धाको अधिकार सबै व्यवसायीलाई समान रूपमा सुनिश्चित गर्नुपर्ने बताए। सीमित संस्थालाई मात्र मलेसिया रोजगारीमा श्रमिक पठाउने अधिकार दिँदा अन्य वैदेशिक रोजगार व्यवसायी संस्था प्रत्यक्ष रूपमा प्रभावित हुने उनको भनाइ छ।

माग पूरा गर्न सरकारलाई अल्टिमेटम

काठमाडौं/मस–जेनजी आन्दोलनका सहिद परिवार र घाइतेहरूले आफूहरूका माग तत्काल पूरा गर्न सरकारलाई अल्टिमेटम दिएका छन् ।

जेनजी सहिद परिवार कल्याणकारी समाज र घाइते जेनजी नेपाल संयुक्त संघर्ष समितिले आइतबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गर्दै आफूहरूका माग तत्काल पूरा नभए फेरि सडक संघर्षमा उत्रिने चेतावनी दिएको हो ।

पत्रकार सम्मेलनमा जेनजी सहिद श्रीयम चौलागाईंका पिता तथा जेनजी सहिद परिवार कल्याणकारी समाजका कोषाध्यक्ष गणेशप्रसाद चौलागाईंले सरकारले सहिद परिवार र घाइतेका माग सम्बोधनमा गम्भीरता नदेखाएको भन्दै आक्रोश व्यक्त गरे । उनले गृहमन्त्री सुधन गुरुङले सरकार गठन भएको एक महिनाभित्र जेनजी सहिदका परिवार र घाइतेहरूका सबै माग पूरा गर्ने आश्वासन दिएपछि आन्दोलनका कार्यक्रम स्थगित गरिएको भए पनि अहिलेसम्म ठोस प्रगति नभएको बताए ।

उनले आफूहरूका माग सम्बोधन गर्न भन्दै सरकारले पटक पटक समिति गठन गर्ने तर ती समितिले प्रभावकारी रूपमा काम गर्न नसक्दा सरकारप्रति आफूहरूको विश्वास गुम्दै गएको बताए । चौलागाईंले घटना भएको १२ महिना बितिसक्दा समेत सरकारले विश्वास गर्ने आधार तयार गर्न नसकेको आरोप लगाए । उनले सरकारले विगतमा सहिद परिवार र घाइतेहरूसँग गरेका सहमतिहरू कार्यान्वयन नगरेको समेत आरोप लगाए ।

उनले भने, 'गृहमन्त्री सुधन गुरुङले हामीलाई एक महिनाको समय दिनुहोस् सबै मागहरू पूरा गर्छु भनेको हुनाले हामीले सबै आन्दोलनका कार्यक्रम स्थगित गरेका हौं । तर अब त्यो अवस्था छैन । हामीहरूले उहाँहरूको भनाइ पनि सुन्यौं । यो बीचमा धेरै समितिहरू पनि बने सभापतिज्यू सहिद परिवारको कार्यकक्षमा आएर सहिदको बाबुलाई अँगालो मारेर तपाईंको छोरो त गयो अब म तपाईंको छोरो हुँ । जे-जे गर्नुपर्छ म गर्छु भनेको दिनदेखि उहाँ छ महिना हराउनुभयो । फेरि आएर समिति बनाउँछौं तपाईंका सबै मागहरू समितिसमक्ष राख्नुस् भन्नुभयो । समिति पनि बन्यो तर समितिले कुनै बैठक नै गर्न पाएन । हामीले १२ महिना हुँदा समेत सरकारले विश्वास लाग्ने काम पनि गरेन कुरा पनि गरेन ।'

उनले मन्त्रालयका सहसचिव, शहीद परिवार र घाइतेका प्रतिनिधि सम्मिलित समितिमा आफूहरूले समितिले टुंग्याएका विषय सरकारले कार्यान्वयन गर्ने सुनिश्चितता माग गर्दा मन्त्रालयका कर्मचारीहरू पछि हटेको आरोप समेत लगाए ।

सूर्य लाकोजूको 'एक झुल्को घाम'लोकार्पण

काभ्रे/मस–कवि सूर्य लाकोजूको 'एक झुल्को घाम' नामक नवीनतम कृति हालै एक समारोहबीच लोकार्पण भएको छ । घाम प्रिय कवि लाकोजूको उक्त कृति एक समारोहबीच वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठले गरेका छन् ।

कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले कवि, साहित्यकार देशका गौरव भएको बताए । कार्यक्रममा पुस्तकमाथि चर्चा गर्दै समालोचक डा.ज्ञानु अधिकारीले नेपाली कविता विधामा आफ्नो फरक प्रवृत्ति बनाइसकेका सूर्य लाकोजूको प्रस्तुत कविता कृति वर्तमान नेपाली समाजको एउटा बिम्ब भएको बताइन् । असन्तुष्टि र निराशामा बाँच्न विवश देशका युवाहरूको प्रतिनिधि आवाज पनि हो । मानवीय संवेदना र यथार्थबोधी भावनाले कविताहरू जीवन्त भएको र प्रस्तुत कवितासंग्रह नेपाली साहित्यको पठनीय कृति बनेको उनले बताइन् ।

त्यस्तै अर्का समालोचक प्रा.डा.रमेश चन्द्र अधिकारीले सूर्यका कविता सरल देखिए तापनि त्यसभित्र गाम्भीर्यता हुनु उनको विशेषता भएको बताए । लाकोजूका कविता बलशाली रहेको विचार व्यक्त गरे । सूर्य चम्किलो र उज्यालो छ । उनको साहित्य यात्रा पनि निकै उज्यालो छ । उनको उज्यालो निकै पर पुगेको छ भन्दै समालोचक रमेश अधिकारीले आफ्नो मन्तव्य राखेका थिए ।

सोही समारोहमा 'एक झुल्को घाम' कविता संग्रहबाट विभिन्न कविहरूले कविता वाचनसमेत गरेका थिए । बुद्धिकृष्ण घो, ध्रुवकृष्ण ताम्राकार, हिसिलिना साक्य, रहेना मानन्धर नकर्मीलगायतका कविहरूले कृतिमा समेटिएका कविता प्रस्तुत गरेका थिए । कविता वाचनले समारोहलाई थप साहित्यिक र सृजनात्मक बनाएको थियो । कार्यक्रम मध्यपुर थिमि साहित्य क्लबका अध्यक्ष वसन्त नकःमिको अध्यक्षतामा सम्पन्न भएको थियो ।

'एक झुल्को घाम' कविता संग्रहका सर्जक लाकोजूका कविता, निबन्ध, हाइकु, नियात्रा, मुक्तक, अनुवाद विधामा कलम चलाउँदै आएका लाकोजूका करिब तीन दर्जनभन्दा बढी साहित्यिक कृतिहरू प्रकाशित छन् ।

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
- Documentation - 2 (Male/Female)
- International Marketing - 1 (Male/Female)
- PEON - 1 (Male/Female)
- Receptionist - 1 (Male/Female)

Salary Negotiable

Requirements :-
- Minimum Education : +2 Passed,
- Computer Skills
- Experienced in Manpower Fields.

Interested candidate can send their CV at moneyhomeoverseas2009@gmail.com info@moneyhomeoverseas.com.np
MONEY HOME OVERSEAS PVT. LTD. Govt. Lic. No. 863/066/067
Tokha -10, Kathmandu, Nepal, Tel.: 4984683, 4985068, 4956752
Website: www.moneyhomeoverseas.com.np

VACANCY ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
PRO - 5 (Male/Female)
- म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- स्थानिय व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

तलब आपसी सहमतिमा तय गरिनेछ ।
ALLIANZE FOR HUMAN RESOURCES CONSULTANCIES PVT. LTD.
Swayambhu-15, Kathmandu, Tel.: 01-5925668
9709168307, Email : hr@allianzehr.com.np

VACANCY ANNOUNCEMENT
We are currently looking for qualified and motivated candidates for the following positions at our manpower agency:
- Public Relation Officer (PRO) : 2 Male /2 Female)
- Reception : 2 (Female)
  - Education: +2 Passed.
  - Experienced in Related Fields.

Salary Negotiable
Send Your CV at alzharadocumentation@gmail.com
Al Zahra Human Resources Consultancy Private Limited Gov. Lic No.: 1657/080/081
Battisputali-9, Kathmandu, Nepal
Tel: 01-4586369, Web.: www.alzahrahr.com

साउदीमा रोजगार
कम्पनी : Pioneers Platform Contracting Company शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०४/२० चलानी नं.: ६०२५५५७२ LT. No.: 346039

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	loading and unloading worker/ helper	21	0	स. काममा दक्ष	1000	४०७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामma विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pritam Employment Pvt.Ltd. Govt. Lic. No.: 1468/074/75
Sinamangal-9, Kathmandu (In Front of Airport Gate) Sita Magar: 9851011031
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com

कतारमा रोजगार
कम्पनी: AL SRAIYA SECURITY SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/०४ चलानी नं.: ६०२४३४८७ LT. No.: 329517 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	0	2	सम्बन्धित काममा दक्ष	1300	५४५०९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver	5	0		2500	१०४८२५							
3.	Female Security Guards	0	9		1800	७५४७४							
4.	Male Cleaner/helper	2	0		1300	५४५०९							
5.	Male Security Guards	97	0		1800	७५४७४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

रोयल ओभरसिज नेपाल प्रा. लि.
श्रम इजाजत नं. १६६/०५९/०६० ललितपुर काठमाडौं फोन नं.:-०१-४५२११५६/४५३२२४४, फ्याक्स नं.: ०१-४५३००३३
Contact No : 9801216251 (Sagar Neupane)

शून्य लागतमा साउदी अरबियामा रोजगारीको अवसर
कम्पनी: RIYADH INTERNATIONAL CATERING CORPORATION (McDonald's) शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८३/०४/०४ चलानी नं.: ६०२५८४६० LT. No.: 345178 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	FAST FOOD MAKER	50	0	स. काममा दक्ष	1200	४५१२८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ र १६ गते (31 August, 1 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ होटल ग्राण्ड सिटी, बिर्तामोड, झापामा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	नि:शुल्क

HABTOOR INTERNATIONAL PVT. LTD. Govt. Lic. No. 1147/073/74
Jana Marg, Maharajgunj, Kathmandu.
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9802392535, 9802359551
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

कुवेतमा रोजगार
कम्पनी: TLB FOOD STUFF GENERAL TRADING CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०७/१९ चलानी नं.: ६०२४७०२६ L.T. No.: 333372 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver	6	0	सम्बन्धित काममा दक्ष	150	७४७२८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Chef	25	0		125	६२२७३							
3.	Waiter & Waitress	10	12		120	५९७८२							
4.	Steward	17	0		100	४९८१९							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १४ देखि १८ गतेसम्म (30 August to 3 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

स्काई-वे म्यानेजमेन्ट प्रा. लि. श्रम इजाजत नं. ९००/०६७/०६८
कालोपुल, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, ४५७१४७१, 9802365804 Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

यूएईमा रोजगार
कम्पनी: DUSERVE FACILITIES MANAGEMENT AND BUILDING CLEANING SERVICES L.L.C. शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/१२/१० चलानी नं.: ६०२३५०१४ LT. No.: 320794 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner	73	50	सम्बन्धित काममा दक्ष	1000	४१,६१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Host	25	25		1200	४९,९३२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD Govt Lic. No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

कतारमा रोजगार
कम्पनी: CEASELESS TRADING AND CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ चलानी नं.: ६०२६०११६ L.T. No.:346812

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labour	5	0	सम्बन्धित काममा दक्ष	1000	४१९३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner General	0	3		1000	४१९३०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

ADVENTURE HUMAN RESOURCE P.LTD. श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

युएईमा रोजगार
कम्पनी : PROLIFT BUILDING MAINTENANCE L.L.C. शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०२/०८ चलानी नं.: ६०२५५८१७ L.T. No.: 342472 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scafolder	2	0	स. काममा दक्ष	1600	६६५७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

S.P.M. OVERSEAS PVT.LTD. Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795, Contact No : 9843250196 (Menuka Shah)
Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

Maldives मा रोजगार
कम्पनी : A.J ENTERPRISES PVT LTD.(CR-C0303/1997) शहर: MALDIVES
पूर्व स्वीकृत मिति: २०८३/०४/०६ चलानी नं.: ६०२५८५६५ LT. No.: 345213 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब MVR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Secuity Guards	11	0	स. काममा दक्ष	6000	५९४५७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

HELP OVERSEAS PVT.LTD. श्रम इजाजत नं. ४६४/०६०/०६१
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Tel phone no: 01-5433477.
Email id:- helpoverseas77@gmail.com, helpoverseas@mail.com.np

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०५/०८ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८३ भदौ २३ गते मंगलबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

धार्के, धादिङ

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१. **हरिशरण परियार** ना.प्र.नं.- ४०/२९ जारी मिति - २०६१/१०/२६, जि.प्र.का. धादिङ्ग बाबु - कृष्ण दमाई बाजे - चन्द्र वहादुर दमाई पत्नी - विष्णु परियार स्थायी ठेगाना:- धादिङ जिल्ला नौविसे गा.वि.स. वडा नं. ७ हालको ठेगाना:- धादिङ्ग जिल्ला, धुनिवेशी न.पा. वडा नं. ७	१. **कृष्ण दमाई**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको जिल्ला धादिङ, नौविसे गा.वि.स. वडा नं. ७ग (हाल धुनिवेशी न.पा. ७) स्थित कित्ता नं. ७३१ र ७३२ को क्षेत्रफल क्रमश ०-३-०-० र ०-८-०-० (रोपनी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **कृष्ण दमाई** ना.प्र.नं.- ४/७९०९ जारी मिति - २०४५/०१/२३, जि.प्र.का. धादिङ्ग बाबु - चन्द्र वहादुर दमाई बाजे - खडक वहादुर दमाई पत्नी - कान्छी दमिनी स्थायी ठेगाना:- धादिङ जिल्ला नौविसे गा.वि.स. वडा नं. ७ हालको ठेगाना:- धादिङ्ग जिल्ला, धुनिवेशी न.पा. वडा नं. ७	३. **विष्णु परियार** ना.प्र.नं.- २६१/३२३४२ जारी मिति - २०६६/१०/०५, जि.प्र.का. धादिङ्ग बाबु - पदम वहादुर परियार बाजे - पहलमान परियार पति - हरिशरण परियार स्थायी ठेगाना:- धादिङ जिल्ला नौविसे गा.वि.स. वडा नं.७ हालको ठेगाना:- धादिङ्ग जिल्ला, धुनिवेशी न.पा. वडा नं. ७
२. **कान्छी दमिनी** ना.प्र.नं.- ४/८०१८-०४४/४५ जारी मिति - २०४५/०१/२४, जि.प्र.का. धादिङ्ग बाबु - साइलो दमाई बाजे - नखुलेको पति - कृष्ण दमाई स्थायी ठेगाना:- धादिङ जिल्ला नौविसे गा.वि.स. वडा नं. ७ हालको ठेगाना:- धादिङ्ग जिल्ला, धुनिवेशी न.पा. वडा नं. ७	४. **लक्ष्मी परियार** ना.प्र.नं.- २६-०१-७२-०७८२६ जारी मिति - २०७२/०९/०५, जि.प्र.का. धादिङ्ग बाबु - शन्ते दमै बाजे - नखुलेको पति - रामशरण परियार स्थायी ठेगाना:- धादिङ जिल्ला नौविसे गा.वि.स. वडा नं. ७ हालको ठेगाना:- धादिङ्ग जिल्ला, धुनिवेशी न.पा. वडा नं. ७

पुरानो पर्सा

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१. **भिम बहादुर मगर** ना.प्र.नं.- ३८/०४४ जारी मिति - २०५९/०६/०९ जि.प्र.का. चितवन बाबु - झुम बहादुर मगर बाजे - श्याम बहादुर मगर स्थायी ठेगाना- चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ०४, हालको ठेगाना -चितवन जिल्ला, खैरहनी न.पा वडा न. ०३	१. **सुनचरी थापा मगर**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स/न.पा. वडा नं. ७ /७क स्थित कित्ता नं. ४५३ को क्षे.फ. क्रमश: ०-०-११.७५ (वि.क.धु) जग्गा/घर तथा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. **झुम बहादुर मगर**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स/न.पा., वडा नं. ८/८ग स्थित कित्ता नं. ५५१ को क्षे.फ. ०-०-१३.५० (वि.क.धु) जग्गा/घर तथा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **झुम बहादुर मगर** ना.प्र.नं.- २५३५ जारी मिति - २०३६/०९/१९ जि.प्र.का. चितवन बाबु - श्याम बहादुर मगर बाजे - जित बहादुर स्थायी ठेगाना- चितवन जिल्ला, चैनपुर गा.वि.स.,वडा नं.०८, हालको ठेगाना - चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ २. **लिला माया आले मगर** ना.प्र.नं.- ३५-०१-७६-०२७४८ जारी मिति - २०७६/०२/२४ जि.प्र.का. चितवन पति - भिम बहादुर मगर ससुरा - झुम बहादुर मगर स्थायी ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ हालको ठेगाना -ऐ.ऐ	३. **सुनचरी थापा मगर** ना.प्र.नं.- ५०/०४५ जारी मिति - २०५०/०८/१७ जि.प्र.का. चितवन पति - झुम बहादुर मगर ससुरा - श्याम बहादुर मगर स्थायी ठेगाना- चितवन जिल्ला, चैनपुर गा.वि.स., वडा नं.०४, हालको ठेगाना - चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८३ भदौ २२ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८३ भदौ २३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८३ भदौ २३ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

राज्य संवेदनशील बनोस्

बाराकी तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाले हाम्रा बालबालिका कति असुरक्षित छन् भन्ने देखाएको छ । साउन ३१ गते बिहान घरबाट हराएकी गरिमाको तीन दिनपछि शव भेटियो । परिवारले हराएको तीन घण्टामै प्रहरीलाई जानकारी गराएको थियो । तर, समयमै प्रभावकारी खोजी हुन नसकेको आरोप लागेको छ । गरिमाको घटनाले बालबालिकाको सुरक्षाप्रति राज्यको संवेदनशीलता र तयारी छैन भन्ने देखाउँछ । अझ चिन्ताको विषय त बालबालिका हराउने घटना निरन्तर बढिरहेका छन् । आर्थिक वर्ष २०८२/८३ मा मात्रै आठ हजार ७२४ बालबालिका हराएको उजुरी बालबालिका खोजतलास समन्वय केन्द्रमा परेको छ । तीमध्ये २८६ जना अझै भेटिएका छैनन् ।

बालबालिका हराउने ग्राफ बर्सेनि बढ्दै गएकोप्रति सम्बद्ध निकायको गम्भीरता देखिँदैन । कतिसम्म भने हराएका बालबालिकाको फलोअपसमेत प्रहरीले गर्दैन । हराएका प्रत्येक बालबालिकाको पछाडि एउटा परिवार हुन्छ । जसले हरेक दिन आफ्नो सन्तान फर्किने आशा गरिरहेको हुन्छ । त्यस्ता बालबालिका मानव तस्करी, घरेलु श्रम, यौन शोषण र हिंसाको सिकार हुनसक्ने जोखिम अत्यधिक धेरै हुन्छ । त्यसैले बालबालिका हराएको सूचना राज्यका लागि सामान्य निवेदन मात्र नभई तत्काल उद्धारमा लाग्नुपर्ने घटना हुन् । गरिमाको घटनाले यही कमजोरी उजागर गरेको छ । बालिका हराएको जानकारी पाएपछि प्रहरी परिचालन, खोजी, सम्भावित स्थानको निगरानी र आवश्यक प्रविधिको प्रयोग तत्काल हुनुपर्छ । बालबालिका हराएको पहिलो केही घण्टा नै खोजीका लागि अत्यन्त महत्त्वपूर्ण हुन सक्छ ।

अर्को गम्भीर विषय बालिका नै किन बढी हराइरहेका छन् भन्ने हो । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार हराएका बालबालिकामध्ये करिब ७० प्रतिशत बालिका छन् । उनीहरू विभिन्न प्रकारका शोषणमा पर्ने गरेको सरकारी निकायका उद्धार अनुभवले देखाउँछ । यसबारे राज्यले गम्भीर अध्ययन गरेर कारण पहिचान गर्नुपर्छ ।

गरिमाको बलात्कार तथा हत्या र देशैभर बढेका बालहिंसाका घटनाले अहिले सबै अभिभावकहरूलाई चिन्तित बनाएको छ । बलात्कारजस्ता जघन्य अपराधमा हदैसम्मको सजाय हुनेगरी कानुन संशोधनको माग पनि भइरहेको छ । बर्सेनि बढिरहेका बलात्कारका घटनाको एउटा कारण दण्डहीनता मानिएको छ । अतः कुनै घटना भएपछि तत्कालीन विरोध र तनाव मत्थर पार्न पीडित पक्षसँग सहमति गर्ने, तर समयक्रममा ती वाचा बिर्सने प्रवृत्ति अन्त्य हुनैपर्छ । बालबालिका त्यसमा पनि बालिका सुरक्षा अहिलेको ठुलो चुनौती बनेको छ । यसको एउटै समाधान शान्ति सुरक्षाको भरपर्दो व्यवस्था र बालबालिकाप्रति संवेदनशील राज्य हो । अभिभावकले पनि आफ्ना नानीहरूको सुरक्षाका लागि सचेत हुनैपर्छ ।

मडारिएको बादलभित्र प्रेस स्वतन्त्रता

अग्रलेख

● झलक शर्मा

सुशासनको अनुभूति दिलाई भ्रष्टाचार, अनियमितता, दण्डहीनता, ढिलासुस्ती, स्वेच्छाचारिता तथा विभेदको अन्त्य गर्न राज्यलाई खबरदारी गर्ने प्रमुख क्षेत्र नै पत्रकारिता हो । तसर्थ सामाजिक न्याय सुनिश्चित गरी समृद्ध राष्ट्र निर्माण गर्न पूर्ण प्रेस स्वतन्त्रता कायम गर्नु राज्यको पहिलो सर्त हो । मडारिएको बादलभित्र परेको प्रेस स्वतन्त्रताको रक्षाका लागि राज्यको उच्च राजनीतिक प्रतिबद्धता, विधिको शासन र सञ्चार जगत्को पेसागत निष्ठा अपरिहार्य बनेको छ ।

समाजको यथार्थस्वरूप झल्काउने ऐना पत्रकारिता हो । जनजीविकाको पक्षमा कलम चलाई लोककल्याणकारी राज्य स्थापना गर्ने अग्रदूत पत्रकारहरू हुन् । जस्तोसुकै विषम परिस्थितिमा पनि जनतालाई सुसूचित गराउने गुरुत्तर अभिभारा पत्रकारितालेे बोकेको हुन्छ । पत्रकारहरू समाजमा सूचना तथा चेतना प्रवाह गर्न अहोरात्र फिल्डमा खटिएका हुन्छन् । तर, कलमले समाज बदल्नेहरूकै जीवन दिनप्रतिदिन जोखिमयुक्त बन्दै गएको छ । इतिहासका विभिन्न कालखण्डमा राज्य तथा अन्य शक्ति संयन्त्रहरूबाट पत्रकारितामा अंकुश लगाउने काम निरन्तर भइराखेको छ । यद्यपि, निष्पक्ष, सत्य र तथ्य समाचार प्रकाशन तथा प्रसारण गर्न पत्रकार कहिल्यै पनि डगमगाएका छैनन् ।

वर्तमान सन्दर्भमा प्रेस स्वतन्त्रताका सम्बन्धमा नेपालमा गहन वैचारिक बहस हुनु अत्यावश्यक भएको छ । मुलुकमा प्रेस स्वतन्त्रताको स्थिति सन्तोषजनक हुनुभन्दा झन् निराशाजनक हुँदै गएको छ । प्रेस काउन्सिल नेपालको आँकडाअनुसार २०८२ साउन १ गतेदेखि २०८३ साल असार मसान्तसम्मको अवधिमा मात्रै प्रेस स्वतन्त्रतासम्बन्धी एक सय एकवटा घटना घटेका छन् । यीमध्ये धम्कीका घटना सबैभन्दा बढी ३६ वटा रहेका छन् । त्यस्तै, पत्रकार तथा सञ्चारगृहमाथि आक्रमणका २७ वटा घटना घटेको पाइएको छ ।

प्रेस स्वतन्त्रताले पत्रकारिता पेसा अँगालेको व्यक्तिले समाचार संकलन, प्रकाशन र प्रसारण गर्दा कुनै पनि शक्तिको बाधा, अवरोध तथा नियन्त्रण खेप्नु नपर्ने र बिनासेन्सरसिप स्वतन्त्र रूपमा रिपोर्टिङ गर्न पाउने अधिकारलाई शिरोपर गरेको हुन्छ । जसमा राज्यले नै सम्पूर्ण पत्रकारिता जगत्को सुरक्षाको ग्यारेन्टी लिएको हुन्छ । तथापि, नेपालमा पत्रकारहरूमाथि कुनै न कुनै समाचारको विषयलाई लिएर आक्रमण भने भइरहेकै छ । कुनै पनि प्रकाशित तथा प्रसारित समाचारप्रति चित्त नबुझेको, असम्बन्धित भएको वा उक्त समाचारमा तथ्य नै नभएको भए सो समाचारबाट पीडित बनेको पक्ष प्रेस काउन्सिलमा उजुरी गर्न नगई सिधै पत्रकार र सञ्चारमाध्यममाथि नै भौतिक आक्रमण गर्ने विकृत प्रवृत्ति नेपाली समाजमा विद्यमान छ ।

पछिल्लो समय वरिष्ठ पत्रकार तथा नेपाल पत्रकार महासंघका पूर्वकार्यवाहक अध्यक्ष किशोर श्रेष्ठलाई समाचारसँग सम्बन्धित विषयलाई लिएर प्रहरीले पक्राउ गऱ्यो । पक्राउ गरिसकेपछि उनको निजी निवास खानतलासी गरियो र जनआस्थाको कार्यालयमा हातहतियारसहित प्रवेश गरी कम्प्युटरलगायत अन्य प्राविधिक सामग्री जफत गरियो । समाचारका विषयमा चित्त नबुझेमा छानबिन गर्ने कानुनी क्षेत्राधिकार प्रेस काउन्सिल नेपाललाई छ । तर, क्षेत्राधिकार मिचेर सिधै प्रहरीले अपराधी शैलीमा गिरफ्तार गर्ने काम गऱ्यो । यस्तो स्वेच्छाचारी व्यवहारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, संविधान र लोकतान्त्रिक मूल्य मान्यताकै धज्जी उडाएको छ । अहिले यो मुद्दा अदालतमा विचाराधीन अवस्थामा रहेको छ । त्यसैगरी, एक महिनाअगाडि काठमाडौंका विभिन्न सञ्चार गृहमा शंकास्पद रूपमा सवारीसाधन पार्क गरेर पत्रकारिता क्षेत्रलाई तर्साउने कार्य भयो । तर, राज्य संयन्त्रबाट त्यसको छानबिन प्रतिवेदन अझैसम्म सार्वजनिक गरिएको छैन ।

२०७९ सालमा तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्रीबाट राजीनामा दिई सरकारबाट बाहिरिँदा रास्वपा सभापति रवि लामिछानेले नेपालका सञ्चारउद्यमी र पत्रकारलाई '१२ भाइ'को उपमा दिएर पत्रकारिताप्रति आफ्नो रिस पोखेका थिए । तत्कालीन संसद्को चौथो ठुलो दलका सभापति तथा उपप्रधान एवं गृहमन्त्रीसमेत बनिसकेको व्यक्तिले सञ्चारक्षेत्रप्रति संयम गुमाएर आधारहीन र पूर्वाग्रही आरोप लगाउने कार्य समग्र सञ्चारक्षेत्रमाथि नै गरिएको ठाडो प्रहार थियो ।

आफूविपरीतको समाचार आए त्यसको निन्दा गर्ने र पूर्वाग्रह साध्ने विकृत मानसिकता नेपाली समाजमा छ । भौतिक आक्रमणबाट कतिपय पत्रकार पीडित छन् भने सञ्चारगृहमा उस्तै क्षति पुगेको छ । आपराधिक मनसाय भएका व्यक्तिहरूको नजरमा गलत प्रवृत्तिको पर्दाफास गर्ने र राज्यलाई खबरदारी गर्ने पत्रकार सधैं आँखाको तारो बनेका हुन्छन् । यसले गर्दा समग्र पत्रकारिता पेसा नै असुरक्षित बन्न पुगेको छ ।

आजभोलि नेपाली पत्रकारितामा एआई (कृत्रिम बौद्धिकता)को प्रयोग तीव्र रूपमा हुँदै आएको छ । एआई प्रविधि पत्रकारिताका लागि सहयोगी साधनका रूपमा प्रयोग हुनुको सट्टा समग्र समाचारका विषयवस्तु निर्माणमै प्रयोग गरेको भेटिन्छ । एआईले बनाइदिएको सूचना र समाचारलाई हुबहु प्रकाशन गर्ने, तथा विषयवस्तुको खोजी एवं अनुसन्धान कार्यमा समेत यसैमा पूर्ण निर्भर रहने गरिएको पाइन्छ । एआईको नैतिक र विश्वसनीय प्रयोगबारे पत्रकारिता जगत्मा सही अवधारणा स्थापित हुनुपर्छ । नत्र भने पत्रकारिताको मूल आधार मानिने विश्वसनीयता, तथ्यपरकता र जवाफदेहितामा गम्भीर आँच आउने गर्छ ।

अर्कोतर्फ, डिपफेक र डिसइन्फर्मेसन (भ्रामक सूचना)ले नेपालको पत्रकारितालाई नराम्ररी गाँजिरहेको छ । यसका लागि एआईको निश्चित मापदण्ड प्रयोग गरिनुपर्दछ भने पत्रकार स्वयंले उच्च संवेदनशीलता अपनाउनुपर्दछ । तथ्य समाचारभन्दा अफवाहमूलक सामग्री समाजमा छिटो फैलिन्छन्, तर विश्वसनीय सूचना प्रवाह गर्न सक्ने सञ्चारमाध्यममाथि मात्र नागरिकले भरोसा राख्छन् । अफवाह फैलाउन चाहनेहरूले फेक न्युज तयार गर्छन् । यस्ता फेक न्युजले सामाजिक, साम्प्रदायिक तथा राजनीतिक विखण्डन ल्याउँछ । तर, यसको पूरा दोष आमपत्रकारिता जगत्माथि नै थुपारिन्छ ।

डिजिटल प्लेटफर्मबाट सूचना र समाचार प्रवाह गर्न आज सजिलो छ, तर भ्रामक सूचना प्रवाहबाट नागरिकलाई जोगाउनु त्यति नै कठिन बनेको छ । आधुनिक प्रविधिको चरम दुरुपयोगको सिकार स्वयं पत्रकारिता क्षेत्र बनेको छ । आजभोलि तटस्थ पत्रकारितालाई सामाजिक सञ्जालको एल्गोरिदमले थिचिरहेको छ । सञ्जालमा चर्चामा रहेका र स्टन्ट क्रियाकलापभन्दा फरक विचार तथा वस्तुगत तथ्य पस्कँदा 'झोले पत्रकार'को संज्ञा दिइन्छ । योजनाबद्ध रूपमा घृणायुक्त शब्द, उत्तेजक शैली तथा व्यवहारबाट पत्रकार अपमानित हुने अवस्था आउँछ । भिडबाट तिरस्कृत गर्ने एवं अनफलो अभियान चलाउने गरिन्छ । यस्ता अराजक गतिविधिले गर्दा प्रत्यक्ष वा परोक्ष रूपमा पत्रकारिताको मर्यादा र अस्तित्व नै धरापमा परेको छ ।

प्रेस स्वतन्त्रतालाई मुलुकको राजनीतिक तथा सामाजिक घटनाक्रमले प्रत्यक्ष प्रभाव पार्दछ । पत्रकारितालेे स्वतन्त्रतालाई आफ्नो पर्यायवाचीका रूपमा हेर्न चाहेको हुन्छ । प्रेस स्वतन्त्रताको रक्षाका लागि पत्रकार स्वयं अग्रसर भई राज्यलाई विभिन्न समयमा ध्यानाकर्षण गराउने गर्नुपर्दछ । आफ्नो सञ्चारमाध्यमले प्रकाशन तथा प्रसारण गरेको सामग्रीमा कति सत्यता र निष्पक्षता छ र उक्त समाचारले समाजमा कस्तो प्रभाव पार्दछ भन्ने कुराको प्रकाशन तथा प्रसारण गर्नुपूर्व नै सही मूल्यांकन गर्नुपर्दछ । पत्रकारले पेसागत आचरण परिपालना गर्दै दर्शक, श्रोता एवं पाठकको मन जित्न सक्नुपर्छ । जिम्मेवार सञ्चारकर्मीले समाजमा सधैं सही सन्देश प्रवाह गर्नुपर्दछ । पत्रकारिता पेसालाई विश्वसनीय, निष्पक्ष र मर्यादित बनाउन विभिन्न आचारसंहिताको पूर्ण पालना गर्नुपर्छ । आचारसंहिताले नै प्रेस स्वतन्त्रताको संरक्षण तथा प्रवर्धन गर्न ठुलो सहयोग पुऱ्याउँछ ।

मुलुकमा प्रेस स्वतन्त्रता कायम हुन नसक्नु भनेको दण्डहीनताले प्रश्रय पाएको अवस्था हो । यदि सरकार निरंकुश भयो भने प्रेस स्वतन्त्रता कायम गराउन सकिँदैन । तसर्थ प्रेस स्वतन्त्रता कायम गराउन सर्वप्रथम त मुलुकमा विधिको शासन स्थापित गराउनुपर्छ । यसमा मानव अधिकार आयोग र नागरिक समाजको सक्रियतासँगै उच्च राजनीतिक प्रतिबद्धताको खाँचो पर्दछ । पत्रकारले पनि राजनीतिक तटस्थता कायम राखी आफ्नो पेसामाथि निष्ठावान् हुनु जरुरी छ ।

स्वतन्त्र पत्रकारिता लोकतान्त्रिक मूल्यमान्यताको प्रमुख सूचक पनि हो । नेपालको वर्तमान संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्रतालाई स्पष्ट उल्लेख गरिएको छ । नागरिकको वाक् स्वतन्त्रता अक्षुण्ण राख्न पूर्ण प्रेस स्वतन्त्रतालाई संस्थागत गर्नु अत्यावश्यक छ ।

सञ्चारमाध्यमले राजनीतिक विषयमा भन्दा उत्पीडित, शोषित र आवाजविहीन वर्गकेन्द्रित समाचारलाई प्राथमिकता दिन सक्नुपर्छ । सूचना तथा समाचारहरू विभेदरहित प्रकृतिका हुनुपर्छ । प्रेस काउन्सिल नेपालले प्रेस स्वतन्त्रताको संरक्षण र संवर्धन गर्दै पत्रकारिता पेसालाई मर्यादित, जिम्मेवारपूर्ण र विश्वसनीय बनाउन नेतृत्वदायी भूमिका खेल्नु जरुरी छ । जनताका पीर-मर्का राज्यसम्म पुऱ्याउने र राज्यका सम्पूर्ण गतिविधि जनतासमक्ष ल्याउने दह्रो सेतु नै पत्रकार हुन् । सञ्चारमाध्यमबिना समाज अन्धो हुन्छ । सञ्चारक्षेत्रको अनुपस्थितिमा राज्यमा लोकतन्त्र स्थापित गराउन सकिँदैन । तसर्थ पूर्ण प्रेस स्वतन्त्रतालाई मुलुकले राजनीतिक सफलताको मूल अस्त्रका रूपमा लिनुपर्दछ । सञ्चार जगत्मा हुने आक्रमण वा हमलाका दोषीहरूलाई राजनीतिक आडमा उन्मुक्ति नदिई कानुनबमोजिम कडा दण्डनीय बनाउनुपर्छ । सञ्चालित अनलाइन न्युज पोर्टलहरूलाई राज्यले नियमन र नियन्त्रण गर्नुपर्छ । प्रेस काउन्सिल नेपालले तय गर्ने आचारसंहिता सबै सञ्चारकर्मीले अक्षरशः पालना गर्नु आवश्यक छ । केही पत्रकारमा पत्रकारिताको मूल सिद्धान्त, मूल्य र मान्यताप्रति पूर्ण अभ्यस्त नभएको अवस्था देखिएकाले नेपाल पत्रकार महासंघबाट नियमित तालिम, गोष्ठी, सम्मेलन तथा व्यावहारिक अभ्यासका कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

राज्यको तर्फबाट अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको पूर्ण संरक्षण गर्न तथा गलत सूचनाविरुद्ध नीतिगत र कानुनी संरचना विकास गर्नु अपरिहार्य देखिन्छ । देशभर मिडिया साक्षरता कार्यक्रमलाई प्राथमिकता दिने तथा पत्रकार र सञ्चारगृहको सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने जिम्मेवारी सरकारको रहेको छ । नागरिकलाई सही रूपमा सुसूचित गराउन तथा राज्य संयन्त्रमा उनीहरूको सहभागिता सुनिश्चित गराउन पत्रकारिताको अतुलनीय भूमिका रहन्छ । सुशासनको अनुभूति दिलाई भ्रष्टाचार, अनियमितता, दण्डहीनता, ढिलासुस्ती, स्वेच्छाचारिता तथा विभेदको अन्त्य गर्न राज्यलाई खबरदारी गर्ने प्रमुख क्षेत्र नै पत्रकारिता हो । तसर्थ सामाजिक न्याय सुनिश्चित गरी समृद्ध राष्ट्र निर्माण गर्न पूर्ण प्रेस स्वतन्त्रता कायम गर्नु राज्यको पहिलो र अनिवार्य सर्त हो ।

आमा, रिया र मोबाइल

ब्लग

● विश्वनाथ खरेल

प्रविधिले संसारसँग जोडे पनि आमाको माया र उपस्थितिलाई कहिल्यै प्रतिस्थापन गर्न सक्दैन । मोबाइलको अम्मलमा हराउँदा नजिकैका आत्मीय सम्बन्धहरू कसरी ओझेलमा पर्छन् भन्ने यथार्थ रियाले बुझिन् । प्रविधिको सन्तुलित प्रयोग र पारिवारिक सामीप्य नै जीवनको वास्तविक खुसी हो ।

काठमाडौंको एउटा सानो, साँघुरो गल्ली । मेरो घरको ठ्याक्कै आडैमा एउटा सानो एकतले घर छ । घर सानो भए पनि त्यहाँको वातावरण सधैं न्यानो लाग्थ्यो । त्यो घर हो- सीतादेवी र उनकी १० वर्षकी छोरी रियाको । रियाका बुबा वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा हुनुहुन्छ । घरमा आमा र छोरी मात्रै बस्छन् । म अक्सर आफ्नो कौसीबाट उनीहरूको आँगन नियाल्ने गर्छु । सीतादेवी गाउँबाट सहर आएकी सोझी, मिहिनेती महिला हुन् । उनी आफ्नी छोरीलाई संस्कार र राम्रो शिक्षा दिन अहोरात्र खट्थिन् ।

रिया स्थानीय विद्यालयको कक्षा सातमा पढ्छिन् । मेरो र उनको घरनजिकै भएकाले साँझपख उनीहरू गफिएको, हाँसेको स्पष्ट सुनिन्थ्यो । सीतादेवी सधैं भन्छिन्, 'मोबाइलले मान्छेलाई बिगार्छ, किताब पढ्नुपर्छ ।' रिया पनि किताबमै रमाउँथिन् । तर, आजको समय प्रविधिको हो । रियाका साथीहरूसँग चम्किला स्मार्ट फोन थिए । एक दिन स्कुलमा साथी सृष्टिले नयाँ मोबाइलमा टिकटक डान्स देखाइछन् । त्यो चम्किलो संसार देखेकी रियाको मनमा पनि मोबाइलको तृष्णा जागेछ ।

एक साँझ म आफ्नै बलेसीमा बसिरहेको थिएँ । रिया र सीतादेवीको चर्को स्वर सुनियो । रिया आमासँग भन्दै थिइन्, 'आमा, मलाई पनि मोबाइल चाहियो, सबैसँग छ !' सीतादेवीले सम्झाउने प्रयास गरिन्, 'हामीसँग पैसा छैन छोरी, बुबाले पठाएको पैसाले घरखर्च चलाउनुपर्छ ।' तर, बालहठका अगाडि आमाको केही लागेन । रिया 'तपाईं पुरानो सोचको हुनुहुन्छ' भन्दै ढोका ड्याम्म लगाएर कोठाभित्र छिरिन् । त्यो दृश्यले मेरो मन पनि अमिलो बनाएको थियो ।

रियाको १०औं जन्मदिनमा सीतादेवीले ओभनबिने ग्यासमा केक बनाइन् । अनि एउटा बाकसमा आफ्नो पुरानो, बटनवाला कालो मोबाइल रियालाई उपहार दिइन् । साथमा सर्त राखिन्, दिनमा एक घण्टा मात्र चलाउने । बाँकी समय पढ्ने र आमासँग कुराकानी गर्ने ।

सुरुमा त रिया खुसी भइन् । इन्टरनेट नभए पनि उनी त्यही कालो मोबाइलको 'स्नेक गेम'मा रमाउन थालिन् । तर, बिस्तारै परिस्थिति बदलियो । जुन कुराको डर सीतादेवीलाई थियो, त्यही भयो । रिया मोबाइलमा यसरी हराउन थालिन् कि आमाले बोलाउँदा पनि नसुन्ने भइन् । खाना खाँदा होस् वा ओछ्यानमा, उनको हातबाट मोबाइल छुट्न छाड्यो । स्कुलको गृहकार्य छुट्न थाल्यो । एक घण्टाको सर्त घण्टौंमा बदलियो ।

एक दिन म उनीहरूको घरतिर जाँदै थिएँ । सीतादेवीलाई कडा ज्वरो आएर थला परेकी थिइन् । उनले भान्साबाट काँप्दो स्वरमा बोलाइन्, 'रिया, मलाई थोरै पानी ल्याइदे न छोरी...।'

तर, रिया भने कुनामा बसेर मोबाइलको गेममा लीन थिइन् । आमाको पुकार रियाको कानसम्म पुगेन । अन्ततः बिरामी आमा आफैं उठेर पानी लिन जानुपऱ्यो । मैले बाहिरैबाट यो दृश्य देखें । सीतादेवीको अनुहारमा एउटा दुःख र पीडा प्रस्ट झल्कन्थ्यो ।

त्यसको केही बेरपछि जब रियाले आमालाई ओछ्यानमा अचेतजस्तै ढलेको देखिन्, उनको हातबाट मोबाइल आफैं छुट्यो । आमाको त्यो अवस्था देखेपछि रिया भित्रैदेखि झसंग भइन् । मोबाइलको भर्चुअल संसारमा हराउँदा उनले आफूलाई सबैभन्दा माया गर्ने आमालाई नै उपेक्षा गरिरहेकी थिइन् ।

त्यस दिन रियाले महसुस गरिन्, मोबाइलमा बिताएको समयले उसलाई साथीभाइसँग त जोड्न खोजेको थियो, तर जीवनको असली आधार मानिने आमासँगको सम्बन्ध भने कमजोर बनाउँदै लगेको थियो । आमाको आँखामा देखिएको त्यो पीडाले रियाको बालमस्तिष्कलाई झस्क्यायो । उनले तुरुन्तै त्यो बटनवाला मोबाइल टेबलमा राखिन् र आमाको गोडा सुम्सुम्याउन थालिन् ।

रियाको घरमा घटेको यो सामान्य घटनाले आजको सम्पूर्ण समाजलाई नै एउटा ठुलो पाठ सिकाउँछ । प्रविधि वा मोबाइलको प्रयोग आफैंमा गलत होइन । तर, यसको अनियन्त्रित प्रयोगले जब हाम्रा आत्मीय सम्बन्धलाई कमजोर बनाउँछ, तब जीवन एकाकी बन्न पुग्छ । मोबाइलले हामीलाई संसारभरका मानिससँग जोड्न सक्छ, तर आमाको माया, काख र न्यानो उपस्थितिलाई यसले कहिल्यै प्रतिस्थापन गर्न सक्दैन । प्रविधिको प्रयोगमा सन्तुलन कायम गर्दै आफ्ना अभिभावक र परिवारसँग समय बिताउनु नै जीवनको साँचो खुसी हो । मोबाइल केवल एउटा साधन हो, तर आमा हाम्रो जीवनकी आधार हुन् ।

इतिहासको पाना

● रतन भण्डारी

पाँच वर्षमै राजा बनेका पृथ्वीवीरविक्रम शाह

वि.सं. १९३२ श्रावण २५ गते जन्मेका पृथ्वीवीरविक्रम शाह आफ्ना पिता युवराज त्रैलोक्यविक्रम शाहको निधनपछि वि.सं. १९३८ जेठ ३ गते ५ वर्ष ८ महिना ८ दिनको उमेरमा नेपालको राजा बनेका थिए । उनी राजा बन्दा रणोद्वीप सिंह कुँवर प्रधानमन्त्री थिए । पृथ्वीवीरविक्रम शाहको ३० वर्षे शासनकाल (वि.सं. १९३८-१९६८)मा क्रमशः रणोद्वीप सिंह कुँवर, वीरशमशेरजंगबहादुर राणा, देवशमशेरजंगबहादुर राणा र चन्द्रशमशेरजंगबहादुर राणा प्रधानमन्त्री भए । यद्यपि, देशको वास्तविक शासनसत्ता राणा प्रधानमन्त्रीहरूको हातमा रहेकाले उनी मानार्थ राष्ट्रप्रमुखका रूपमा मात्र सीमित थिए ।

वि.सं. १९६८ मंसिर २५ गते ३६ वर्षको उमेरमा पृथ्वीवीरविक्रम शाहको निधन भयो । त्यसपछि उनका पुत्र युवराज त्रिभुवनवीरविक्रम शाह नेपालको राजा बने । वि.सं. १९६३ असार १७ गते जन्मेका त्रिभुवन राजा हुँदा ५ वर्ष ५ महिना ८ दिनका थिए र त्यसबेला चन्द्रशमशेर प्रधानमन्त्री थिए ।

नेपालको इतिहासको एउटा रोचक संयोग के हो भने पिता पृथ्वीवीरविक्रम शाह ५ वर्ष ८ महिना ८ दिनको उमेरमा राजा बनेका थिए भने उनका पुत्र त्रिभुवन ५ वर्ष ५ महिना ८ दिनको उमेरमा राजा बनेका थिए । अर्थात्, पृथ्वीवीरविक्रम शाह आफ्ना छोरा त्रिभुवनभन्दा ठ्याक्कै ३ महिना बढी उमेरमा नेपालको राजा बनेका थिए । इतिहासमा पिता र पुत्र दुवै बाल्यावस्थामै राजा बनेको यो एउटा दुर्लभ संयोग हो । तस्बिरमा तत्कालीन राजा पृथ्वीवीरविक्रम शाह कुर्सीमा बसेका छन् भने उनको पछाडि प्रधानमन्त्री वीरशमशेरसहित अन्य व्यक्तिहरू उभिएका छन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

श्रमिकको अधिकार र सुरक्षाबारे सचेतना फैलाउँदै जेद्दा महावाणिज्यदूतावास

अन्जान गुभाजु/मध्यान्ह
जेद्दा, ७ भदौ

जेद्दास्थित नेपाली महावाणिज्यदूतावासले नेपाली श्रमिकको हकहित, अधिकार र सुरक्षालाई प्राथमिकतामा राख्दै कार्यस्थल तथा श्रमिकको बसोबास क्षेत्रमै पुगेर सचेतनामूलक तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरेको छ। महावाणिज्यदूतावासको आयोजनामा शुक्रबार, २१ अगस्ट २०२६ मा जेद्दास्थित अल-खुम्रा (गिवजेन) क्षेत्रमा कार्यरत नेपाली श्रमिक तथा स्थानीय नेपाली समुदायका अगुवाहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको हो।

श्रमिकहरूलाई उनीहरूकै कार्यस्थल तथा बसोबास क्षेत्रमै पुगेर प्रत्यक्ष रूपमा संवाद गर्ने उद्देश्यले आयोजित कार्यक्रममा गैरआवासीय नेपाली संघका प्रतिनिधि, स्थानीय सामाजिक संस्थाका पदाधिकारी तथा ठूलो संख्यामा नेपाली श्रमिकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा साउदी श्रम कानुन, रोजगार सम्झौता, श्रमिकका हक-अधिकार, कर्तव्य तथा कानुनी प्रावधानबारे जानकारी प्रदान गरिएको थियो।

महावाणिज्यदूतावासले साउदी अरबमा श्रमिकका लागि महत्वपूर्ण मानिने ‘अब्सेर’ र ‘किवा’जस्ता डिजिटल प्रणालीको प्रयोग, अनलाइन सेवाको उपयोग तथा त्यसबाट प्राप्त हुने सुविधाबारे समेत व्यावहारिक जानकारी दिएको थियो। वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकका लागि सामाजिक सुरक्षा कोषको महत्व, दर्ता प्रक्रिया तथा उपलब्ध सुविधाबारे पनि सहभागीलाई जानकारी गराइएको थियो।

कार्यक्रमलाई केवल जानकारी दिने औपचारिक कार्यक्रमका रूपमा सीमित नगरी श्रमिकका वास्तविक समस्या सुन्ने र समाधानका लागि आवश्यक सहजीकरण गर्ने अन्तरक्रियात्मक मञ्चका रूपमा अघि बढाइएको थियो। सहभागी श्रमिकहरूले कार्यस्थल तथा वैदेशिक रोजगारीका क्रममा भोगेका समस्या, जिज्ञासा र अनुभवहरू प्रत्यक्ष रूपमा राखेका थिए। ती प्रश्न तथा समस्यामाथि महावाणिज्यदूतावासका प्रतिनिधिहरूले आवश्यक परामर्श तथा प्रक्रियागत जानकारी प्रदान गरेका थिए।

कार्यक्रममा स्थानीय नेपाली समुदायका अगुवाहरूको भूमिकालाई समेत विशेष महत्व दिइएको थियो। श्रमिकले भोग्ने सामान्य समस्या स्थानीय स्तरमै पहिचान गरी आवश्यक समन्वय र सहजीकरणमार्फत समाधानतर्फ लैजान समुदायका अगुवाहरू सक्रिय हुनुपर्नेमा जोड दिइएको थियो।

श्रमिकसम्म सेवा र सूचना पुऱ्याउने आफ्नो प्रयासलाई महावाणिज्यदूतावासले डिजिटल माध्यममार्फत पनि निरन्तरता दिँदै आएको छ। राहदानी, कन्सुलर सेवा, वैदेशिक रोजगारी तथा अन्य समस्या वा गुनासोका सम्बन्धमा महावाणिज्यदूतावास, जेद्दाको आधिकारिक ह्वाट्सएप नम्बर ०५३१२५४०९९ मा सम्पर्क तथा सन्देश गर्न सकिने जनाइएको छ।

महावाणिज्यदूतावासको कार्यालय भिल्ला नं. ३३, कुत्न बिन हारिथाह सडक, अल मुहम्मदिया जिल्ला (१), जेद्दा, साउदी अरबमा रहेको छ। कार्यस्थलमै पुगेर नेपाली श्रमिकका समस्या सुन्ने, अधिकारबारे जानकारी दिने र आवश्यक सेवामा पहुँच सहज बनाउने महावाणिज्यदूतावासको यस्तो पहललाई साउदी अरबमा कार्यरत नेपाली श्रमिकको हितमा महत्वपूर्ण कदमका रूपमा हेरिएको छ।

‘आर्थिक विकासका लागि स्वदेशी तथा विदेशी लगानी आवश्यक’

मध्यान्ह संवाददाता
काठमाडौं, ७ भदौ

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष अग्रवालले आर्थिक विकासका लागि राम्रो नीति मात्र पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयन, कानुनी स्पष्टता र लगानीमैत्री वातावरण आवश्यक हुने बताएका छन्।

नेपाल चेम्बर अफ कमर्स र गैरआवासीय नेपाली संघ (एनआरएनए)बीच नेपालमा लगानी प्रवर्धन, व्यापार तथा आर्थिक सहकार्य विस्तारलाई प्रभावकारी बनाउने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा अध्यक्ष अग्रवालले नीति तथा कानुनी संरचनामा स्थिरता र स्पष्टता नहुँदा स्वदेशी तथा विदेशी लगानीकर्ता पूर्ण रूपमा विश्वस्त हुन नसक्ने बताए। उनले लगानी सुरक्षा, राजनीतिक स्थिरता र सहज व्यावसायिक वातावरण निर्माणमा सरकार र निजी क्षेत्रको संयुक्त पहल आवश्यक रहेको बताए।

अग्रवालले विदेशमा रहेका नेपालीको पुँजी, ज्ञान, सीप र व्यावसायिक अनुभवलाई नेपालको आर्थिक विकाससँग जोड्नुपर्नेमा जोड दिए। सूचना प्रविधि, पर्यटन, उत्पादनमूलक उद्योग, व्यापारलगायत सम्भावनायुक्त क्षेत्रमा गैरआवासीय नेपालीको लगानी आकर्षित गर्न सकिने उनको भनाइ थियो। उनले समझदारी कागजमा मात्र सीमित नभई लगानी, व्यापार, रोजगारी सिर्जना र आर्थिक रूपान्तरणमा ठोस परिणाम दिने गरी कार्यान्वयन हुनुपर्ने बताए।

यस्तै, एनआरएनए अध्यक्ष डा.हेमराज शर्माले विश्वका विभिन्न मुलुकमा रहेका गैरआवासीय नेपालीको पुँजी, ज्ञान, सीप र अनुभवलाई नेपालको विकाससँग जोड्नु प्राथमिकता रहेको बताए। उनले एनआरएनएलाई विदेशमा रहेका नेपालीको संस्थाका रूपमा मात्र नभई नेपालको आर्थिक, सामाजिक तथा लगानी विकासमा योगदान पुऱ्याउने साझा मञ्चका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याए।

गौरमा सामुदायिक विवाह भवन सञ्चालनमा

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, ७ भदौ

रौतहटको गौर नगरपालिकाले वडा नम्बर २ महादेवपट्टीस्थित भगवती स्थान नजिक निर्माण गरेको गौर सामुदायिक विवाह भवन सञ्चालनमा आएको छ। नवनिर्मित भवनको आइतबार एक समारोहबीच नगर प्रमुख शम्भु साहले उद्घाटन गरेका हुन्।

२०७९ साल मंसिर २९ गते शिलान्यास गरिएको विवाह भवनको निर्माण सम्पन्न भएपछि आइतबार औपचारिक रूपमा उद्घाटन गरिएको हो। उद्घाटन समारोहमा स्थानीय वडाध्यक्ष, ज्येष्ठ नागरिक, बुद्धिजीवी, समाजसेवी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो।

भवन उद्घाटनपछि आयोजित कार्यक्रममा बोल्दै नगर प्रमुख साहले सार्वजनिक संरचनाको निर्माणसँगै त्यसको उपयोग आमनागरिकले सहज रूपमा गर्न पाउनुपर्ने बताए। उनले गौर नगरपालिकाको विकासको आधार ‘सबैको साथ, सबैको विकास र गरीबदेखि धनीसम्मको सम्मान’ रहेको उल्लेख गर्दै स्थानीय तहबाट निर्माण हुने पूर्वाधारले समाजका सबै वर्गलाई प्रत्यक्ष लाभ पुऱ्याउनुपर्नेमा जोड दिए।

नगर प्रमुख साहका अनुसार सामुदायिक विवाह भवन सञ्चालनमा आएपछि गौरका गरीब, विपन्न तथा मध्यमवर्गीय परिवारलाई विवाह, व्रतबन्धलगायत सामाजिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्न सहज हुनेछ। महँगा पार्टी प्यालेस तथा अन्य निजी स्थलमा ठूलो रकम खर्च गर्नुपर्ने बाध्यता कम हुने उनको भनाइ छ।

उनले सामुदायिक विवाह भवनलाई समावेशी विकासको उदाहरणका रूपमा व्याख्या गर्दै विपन्न परिवारले पनि आर्थिक बोझ नथपिई आफ्ना पारिवारिक तथा सामाजिक समारोह सम्मानपूर्वक आयोजना गर्न सक्ने बताए।

आफ्नो कार्यकालमा भएका भौतिक तथा सामाजिक पूर्वाधारका काम नगरवासीका अगाडि स्पष्ट रहेको उल्लेख गर्दै साहले गौर नगरपालिकाले पूर्वाधार निर्माणसँगै प्रशासनिक सुशासनको क्षेत्रमा समेत उल्लेख्य प्रगति गरेको दाबी गरे।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६।१०।२९ मा दर्ता भएको **प्रा.लि. नं. २३४४२१** को **ईंस्टिच्युट फर पब्लिक इकोनोमिक्स रिसर्च प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/०८

यस कम्पनीको मिति २०८३।०३।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **वियोण्ड एल.पि.आर. प्रा.लि. (दर्ता नं. ३७३७५५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एल.पि.आर. हर्टिकल्चर एण्ड ल्फोरिकल्चर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/०८

यस कम्पनीको मिति २०८३।०३।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **एल.पि.आर. एसोसिएट्स प्रा.लि. (दर्ता नं. ३५३२५१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एल.पि.आर. ग्लोकल हस्पिटालिटी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

युएईमा रोजगार
कम्पनी : VALTRANS TRANSPORTATION SYSTEMS &SERVICES L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०९/०३ — चलानी नं.: ६०२४८९१५ — L.T. No.: 335169 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Signal Operator	200	0	स. काममा दक्ष	1200	४९,९३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०८३ भदौ १६ गते (1 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता सि.पि होटल, विर्तामोड, झापामा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १८ गते (3 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043,
Tulasi Contact No : 9801039447 Email : rboverseasnepal@gmail.com

कतारमा रोजगार
कम्पनी: X FIRE RESTAURANT — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०९/१६ — चलानी नं.: ६०२३०६४६ — LT. No.: 316395 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	ASSISTANT COOK	6	0	सम्बन्धित काममा दक्ष	1300	५४५०९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cooker	8	0		1500	६२८९५							
3.	Chef or Cook	4	0		1500	६२८९५							
4.	Waiter	5	0		1500	६२८९५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410 (Kiran Shrestha)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

साउदी र युएईमा रोजगार
कम्पनी: REEM ABDULLAH ALBARIQI ESTABLISHMENT COMMERCIAL — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ — चलानी नं.: ६०२६०१२४ — LT. No.: 346497

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	WORKER LOADING & UNLOADING	2	0	स. काममा दक्ष	1200	४८८४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : HUSSAIN ABDULKARIM M ALBADOOH COMPANY — शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०५/०५ — चलानी नं.: ६०२६०१२५ — LT. No.: 346940

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	LABOUR LOADING UPLOADING	3	0	स. काममा दक्ष	1000	४०७००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : GOULF SCREED TECHNICAL SERVICES CO. L.L.C — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ — चलानी नं.: ६०२३७५२४ — LT. No.: 323516 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	ASSISTANT STONE MASON	1	0	सम्बन्धित काममा दक्ष	1200	४९९३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Brick Layer	3	0		1200	४९९३२							
3.	Building Labour	3	0		1200	४९९३२							
4.	Carpenter	2	0		1200	४९९३२							
5.	Construction Supervisor	3	0		2000	८३२२०							
6.	House Workers	1	0		1200	४९९३२							
7.	Insulation Labor	5	0		1200	४९९३२							
8.	MASON/BRICK MASON/CONCRETE MASON	1	0		1200	४९९३२							
9.	Stone Mason	2	0		1200	४९९३२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १५ गते (31 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9748463004,9817838138, 9765050187, 9868942665

साउदी र युएईमा रोजगार
